# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ११० | काठमाडौं | मंगलबार, २६ साउन २०८३ | Prabhab National Daily | Tuesday, 11 August 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# बाँदर-बँदेल नियन्त्रण गर्न सार्वजनिक महत्त्वको प्रस्ताव



सिंहदरबारस्थित संघीय संसद् भवनमा सोमबार प्रतिनिधिसभाका सचिव प्रकाश अधिकारीसमक्ष नेपाली कांग्रेस सांसद नरेन्द्रकुमार केरुङको 'बाँदर र बँदेल आतंक' सम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव पेस गर्दै कांग्रेसकी प्रमुख सचेतक बासना थापा । *तस्बिरः रासस*

## बाली जोगाउन दिनभर खेतबारीमै

प्रतिपक्षी दलका सांसदहरूले सोमबार प्रतिनिधिसभामा दर्ता गरेको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमा बाँदरको आतंकका कारण किसान पाक्न लागेको बाली जोगाउन बिहानदेखि साँझसम्म खेतबारीमा कटेरो बनाएर बस्नुपर्ने अवस्थामा पुगेको उल्लेख गरिएको छ । एकैपटक करिब १०० को समूहमा बाँदर खेतबारीमा पस्ने गरेको र कुकुर, रेडियो तथा आवाज निकाल्नेजस्ता परम्परागत उपायसमेत प्रभावहीन बन्दै गएको जनाइएको छ ।

प्रस्तावमा भनिएको छ, 'बाँदरकै आतंकका कारण पहाडी भूमि बाँझोमा परिणतहुँदै बसाइसराइको प्रमुख कारण बनेको छ ।

क्रमशः पृष्ठ २ मा

- ३० दिनभित्र राष्ट्रिय कार्ययोजना बनाउन माग
- बाली क्षतिबाट किसानको आय र खाद्य सुरक्षामा गम्भीर असर
- बाँदरबाट मात्रै वार्षिक करिब पाँच करोड रुपैयाँको बाली क्षति तीन तहका सरकारको जिम्मेवारी र छुट्टै द्रुत प्रतिकार्य कोषको माग
- प्रस्तावक कांग्रेस सांसद नरेन्द्रकुमार केरुङ र समर्थकहरू एमाले सचेतक नीता घतानी, नेकपा सांसद पार्वती विक र श्रम संस्कृति पार्टीका सांसद आरेन राई

■ जेबी योञ्जन

**काठमाडौं–** बाँदर र जंगली बँदेलका कारण किसानले भोग्दै आएको कृषिबाली क्षतिको समस्या समाधान गर्न प्रतिनिधिसभामा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता भएको छ । बाँदर-बँदेलको आतंक नियन्त्रणका लागि समयसीमा, बजेट र तीन तहका सरकारको जिम्मेवारी स्पष्ट हुनेगरी एकीकृत राष्ट्रिय कार्ययोजना बनाउन माग गर्दै प्रतिपक्षी दलहरूले सोमबार संसद् सचिवालयमा प्रस्ताव दर्ता गरेका हुन् ।

प्रस्तावमा बाँदर र बँदेलबाट भइरहेको क्षति अब सामान्य मानव-वन्यजन्तु द्वन्द्वको विषयमामात्र सीमित नरहेको उल्लेख गर्दै किसानको उत्पादन, आम्दानी, खाद्यसुरक्षा र ग्रामीण जीविकोपार्जनमै गम्भीर असर परेको जनाइएको छ । प्रस्तावको प्रस्तावक नेपाली कांग्रेसका सांसद नरेन्द्रकुमार केरुङ हुन् । समर्थकमा नेकपा एमालेकी सचेतक नीता घतानी, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)की सांसद पार्वती विक र श्रम संस्कृति पार्टीका सांसद आरेन राई छन् ।

प्रतिनिधिसभा नियमावली, २०८३ को नियम ७१ बमोजिम जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गरिएको हो । प्रस्तावमार्फत सरकारले बाँदर तथा जंगली बँदेल व्यवस्थापनका लागि स्पष्ट समयसीमा, आवश्यक बजेट र संघ, प्रदेश तथा स्थानीय तहको जिम्मेवारी तोकेर राष्ट्रिय कार्ययोजना बनाउनुपर्ने माग गरिएको छ ।

प्रस्तावक केरुङका अनुसार नेपालको संविधानको धारा ३६ ले प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक र खाद्य सम्प्रभुताको हक सुनिश्चित गरेको छ । खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ लेसमेत राज्यलाई नागरिकको खाद्यसुरक्षा सुनिश्चित गर्ने दायित्व दिएको छ । तर वन्यजन्तुका कारण कृषि उत्पादनमै ठूलो क्षति भइरहँदा किसानको खाद्य तथा जीविकोपार्जनको अधिकारसमेत प्रभावित भइरहेको प्रस्तावमा उल्लेख छ ।

प्रस्तावमा राष्ट्रिय प्रकृति संरक्षण कोष र त्रिभुवन विश्वविद्यालयको केन्द्रीय प्राणीशास्त्र विभागको प्राविधिक सहयोगमा प्रकाशित अध्ययनलाई आधार बनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

# प्रधानमन्त्री शाहको कूटनीतिक अडानमा 'ब्रेक'

## भारत र चीनका राजदूतसँग गरे एक्लाएक्लै भेट





सोमबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भारतीय राजदूत (बाँया) र चिनियाँ राजदूतसँग भएको छुट्टाछुट्टै भेटवार्तामा प्रधानमन्त्री वालेन्द्र शाह । *तस्बिरः रासस*

- प्रधानमन्त्री शाहसँग भेटवार्ता गर्न पाउँदा आफूलाई सम्मानित महसुस भएको राजदूत श्रीवास्तावले सामाजिक सञ्जाल एक्समा व्यक्त गरेका छन्
- चिनियाँ राजदूत झाङसँगको भेटमा प्रधानमन्त्री शाहले चीनसँगको ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउँदै साझा हितका क्षेत्रमा मिलेर काम गर्नुपर्ने विषयमा जोड दिए
- आज प्रधानमन्त्री शाहले नेपालका लागि अमेरिकी कार्यवाहक राजदूत स्कट उर्बमसँग भेट गर्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** पारदर्शी शासन गर्नेगरी कूटनीतिमा पनि सामूहिक भेटमात्र गर्ने बताउँदै आएका प्रधानमन्त्री वालेन्द्र शाहले अन्ततः आफ्नै अडानमा 'ब्रेक' लगाएका छन् । सोमबार उनले भारतीय राजदूत नवीन श्रीवास्ताव र चीनका राजदूत झाङ माओमिङसँग एक्लाएक्लै भेटवार्ता गरेर आफ्नै अडान तोडेका हुन् ।

काठमाडौं महानगरपालिकाको मेयर छँदा 'ग्रेटर नेपाल'सम्मको कुरा गरी राष्ट्रवादी बनेका शाहले यसअघि विभिन्न कूटनीतिज्ञलाई भेट्न अस्वीकार गर्दै आएका थिए । सोमबार दुई छिमेकी मुलुकमध्ये दक्षिणी छिमेक भारतका राजदूत श्रीवास्तवले पहिलो भेट गरे । उक्त भेटपछि भारतीय राजदूत निकै खुसी सुनिएका छन् ।

प्रधानमन्त्री शाहसँग भेटवार्ता गर्न पाउँदा आफूलाई सम्मानित महसुस भएको राजदूत श्रीवास्तावले सामाजिक सञ्जाल एक्समा व्यक्त गरेका छन् । 'आज बिहान नेपालको सम्माननीय प्रधानमन्त्रीज्यूलाई भेट्न पाउँदा सम्मानित महसुस भयो । प्रधानमन्त्री नरेन्द्र मोदीज्यूका तर्फबाट हार्दिक शुभकामना व्यक्त गरेँ,' राजदूतले श्रीवास्तावले भनेका छन् ।

भेटका क्रममा नेपाल र भारतबीचको बहुआयमिक तथा बलियो साझेदारीलाई थप प्रगाढ र सुदृढ बनाउने विषयमा फलदायी विचार छलफल भएको राजदूत श्रीवास्तवले बताएका छन् । प्रधानमन्त्री बनेपछि शाहले राजदूतसँग पहिलोपटक एक्लाएक्लै भेटवार्ता गरेका हुन् ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको भेटवार्तामा प्रधानमन्त्री शाहले भारतसँगको ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउँदै साझा हितका क्षेत्रमा मिलेर काम गर्नुपर्नेमा जोड दिएका थिए । 'भेटवार्ताका क्रममा नेपाल-भारतबीचको द्विपक्षीय मित्रता, पारस्परिक हित, विकास साझेदारी तथा सहकार्यका विविध विषयमा छलफल भएको छ,' प्रधानमन्त्रीको सचिवालयले भन्यो ।

सोमबार नै प्रधानमन्त्री शाहले उत्तरी छिमेक चीनका राजदूत झाङ माओमिङसँग पनि भेटे । सिंहदरबारमा झाङसँग भएको भेटवार्तामा नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउने, विभिन्न क्षेत्रमा सहयोग प्रवर्द्धन एवं विकास साझेदारीलाई अभिवृद्धि गर्नेलगायतका विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनायो । भेटमा प्रधानमन्त्री शाहले चीनसँगको ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउँदै साझा हितका क्षेत्रमा मिलेर काम गर्नुपर्ने विषयमा जोड दिएका थिए । राजदूत माओमिङले पनि प्रधानमन्त्रीलाई शुभकामना व्यक्त गर्दै दुई देशबीचको आपसी सम्बन्ध र सहकार्यलाई थप सुदृढ बनाउने प्रतिबद्धता जनाए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# विभागको कार्यालयमा व्यवसायीले दिए धर्ना

### व्यवसायीका मागबारे मन्त्रालयमा छलफल गर्ने विभागकी महानिर्देशक मीरा आचार्यको आश्वासन




■ प्रभाव संवाददाता

**काठमाडौं–** नीतिगत सुधारको माग गर्दै आन्दोलनमा उत्रिएका वैदेशिक रोजगार व्यवसायीहरूले वैदेशिक रोजगार विभागमा धर्ना दिएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आह्वानमा सोमबार व्यवसायीहरूले काठमाडौंको ताहाचलस्थित विभागको कार्यालयमा शान्तिपूर्ण धर्ना दिएका हुन् ।

विभागको गेटदेखि सोल्टिमोडसम्म उभिएर ५०० भन्दा बढी व्यवसायीले करिब डेढ घण्टा धर्ना दिएका थिए । संघले घोषणा गरेको संघर्षको कार्यक्रमअन्तर्गत पहिलो दिनको मौन प्रदर्शनमा व्यवसायीहरूले 'प्लेकार्ड' देखाउँदै आफ्नो माग राखेका छन् । संघले गत शुक्रबार रातिदेखि पूर्व र अन्तिम श्रम स्वीकृति नलिने घोषणा गर्दै भदौ १ गतेसम्म हरेक दिन दबाबमूलक कार्यक्रम गर्ने घोषणा गरेको थियो ।

क्रमशः पृष्ठ २ मा

# लोकतान्त्रिक एसोसिएसनले गरायो मन्त्रालयको ध्यानाकर्षण



**काठमाडौं (प्रस)–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले व्यवसायीका समस्याको विषयमा सरकारको ध्यानाकर्षण गराएको छ । सोमबार श्रमसचिव दीपक काफ्लेलाई भेटेर व्यवसायीले सामना गरेका समस्याहरूका विषयमा ध्यानाकर्षण गराउँदै तत्काल आवश्यक कदम चाल्न आग्रह आग्रह गरिएको एसोसिएसनले जानकारी दिएको हो ।

एसोसिएसनले गैरकानुनी रूपमा साउदीको स्किल भेरिफिकेसन प्रोग्राम (एसभिपी) सञ्चालन गर्ने संस्थामाथि सरकारले सिलबन्दी गरेकोमा धन्यवाद ज्ञापन गर्दै भविष्यमा हुनसक्ने गतिविधिप्रति निगरानी बढाउन माग गरेको महासचिव सुमनराज पाण्डेले बताए । मलेसिया रोजगारीमा एकाधिकार लगाउन स्वार्थ समूह सक्रिय रहेकाले यस्ता प्रयासहरू पूर्णरूपमा अन्त्य भएको प्रत्याभूति दिलाउनुपर्ने माग राखिएको उनले बताए । रोजगारीमा जाने श्रमिकको न्यायोचित र व्यावहारिक सेवा शुल्क निर्धारण गर्न, संयुक्त अरब इमिरेट्स (युएई)को रोजगारीमा...

क्रमशः पृष्ठ २ मा


## प्रेस विज्ञप्ति

वैदेशिक रोजगार ईथिकल ओरेन्टेसन राष्ट्रिय संघ (FEEONA) वैदेशिक रोजगारमा जाने नेपाली कामदारलाई सुरक्षित, मर्यादित र शोषणमुक्त वैदेशिक रोजगार सुनिश्चित गर्न गुणस्तरीय तथा नैतिक पूर्व-प्रस्थान अभिमुखीकरण तालिम विकास र प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना भएको संस्था हो ।

हाल अभिमुखीकरण तालिम सञ्चालनका क्रममा केहि सस्थाले तोकिएको भन्दा बढी शुल्क असुल्ने, तालिम प्राप्त प्रशिक्षक नराख्ने, तोकिएको योग्यता नभएका संचालकले संचालन गर्ने, NID मा समस्या आएको मौका छोपी गलत गर्ने, आवश्यक भौतिक पूर्वाधारको व्यवस्था नगर्ने, झोलामा संस्था राखी ठेक्कामा चलाउने, एजेन्ट खुशी पार्न कामदारलाई पर्याप्त, सत्य र गुणस्तरीय जानकारी नदिने जस्ता गैर व्यावसायिक तथा अनैतिक गतिविधि भइरहेको भन्ने व्यापक चर्चा र गुनासोप्रति संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

त्यसैले यस्ता अनैतिक तथा गैर व्यावसायीक कार्य नगर्न तथा नगराउन सबैमा अनुरोध गर्दछौ । साथै कामदारले पाउनु पर्ने जानकारी पारदर्शि बनाउन तत्काल NID जडान गर्ने तथा यस्ता बिकृती निराकरण गरेर मर्यादित व्यवसाय बनाउन वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड र युवा, श्रम तथा रोजगार मन्त्रालयलाई समेत ध्यानाकर्षण गराउन चाहन्छौं ।

' गुणस्तरीय अभिमुखीकरण तालीम र कामदारको अधिकारको सम्मान नै सुरक्षित तथा सम्मानजनक वैदेशिक रोजगारको आधार हो । '

**विष्णु प्रसाद सुबेदी**
**सचिव**

**वैदेशिक रोजगार ईथिकल ओरेन्टेसन राष्ट्रिय संघ (FEEONA)**
**काठमाडौं, नेपाल**

# वडाध्यक्षसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा

■ प्रभाव संवाददाता

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नेपालगञ्ज उपमहानगरपालिका-२० का वडाध्यक्ष कौशलकुमार धोबीसहित चार जनाविरुद्ध मुद्दा चलाएको छ। आयोगले भ्रष्टाचार तथा गैरकानुनी लाभ हासिल गराउने बदनियतले कार्य गरेको अभियोगमा उनीहरूविरुद्ध आइतबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो।

आयोगका अनुसार विशेष अदालतमा पहिले नै विचाराधीन रहेको भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरण मुद्दाका प्रतिवादी रविकुमार लामिछानेलाई जोगाउने बदनियतले नक्कली प्रमाण सिर्जना गरिएको अनुसन्धानबाट पुष्टि भएको हो।

प्रतिवादीहरूले २०७९ साउन १० गतेको नक्कली कारोबार देखाई भक्तपुर जिल्ला मध्यपुर थिमी नगरपालिका-१७ स्थित कित्ता नं. ९९८ को १६४.१४ वर्गमिटर जग्गा खरिदसम्बन्धी ७० लाख रूपैयाँको झूटा तथा नक्कली करारनामा तयार पारेको अनुसन्धानबाट खुलेको आयोगले जनाएको छ।

त्यसपछि वडाध्यक्ष धोबी र वडासचिव वीरबहादुर थापा मगरले आफ्नो पद तथा ओहोदाको दुरूपयोग गर्दै वडा कार्यालयको छाप प्रयोग गरी आर्थिक वर्ष २०७९/८० को दर्ता सच्याएका थिए। उनीहरूले गत असार २९ गते दर्ता नं. ७२४० को विवरण फेरबदल गरी दर्ता नं. ७२४२ को झूटा विवरणसहितको गलत लिखत तयार पारेर आयोगको अभिलेखमा रहनेगरी पत्राचार गरेको पुष्टि भएको आरोपपत्रमा उल्लेख छ।

प्रतिवादीहमा वडाध्यक्ष धोबी, वडासचिव वीरबहादुर थापा मगर, गैरकानुनी लाभ लिने रविकुमार लामिछाने र विकासकुमार छापगाई रहेका छन्। उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐनबमोजिम कैद र जरिवाना सजायको मागदाबी गरिएको छ।

# सरकार र मृतक मेहताको परिवारबीच सात बुँदे सहमति

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्मा यही साउन १० गते भएको घटनामा मृत्यु भएका रवीन्द्रकुमार मेहताको परिवार र सरकारबीच सात बुँदे सहमति भएको छ। मेहताका अभिभावक र नेपाल सरकारका गृहमन्त्री सुधन गुरुङबीच सोमबार भएको सहमतिअनुसार मेहतालाई सहिद घोषणा गर्ने प्रक्रिया तत्काल अघि बढाउने सहमति भएको छ।

सहमतिमा साउन १० गते राति देवानगञ्ज-३, कसानगञ्जमा भएको घटनाको निष्पक्ष र प्रभावकारी छानबिन गरी दोषीउपर प्रचलित कानुन बमोजिम आवश्यक कारबाही तत्काल अघि बढाउने उल्लेख छ। देवानगञ्ज-३ स्थित मदरसाको कानुनी हैसियत तथा सम्बन्धित विषयमा आवश्यक छानबिन तत्काल प्रारम्भ गर्ने सहमति भएको छ।

सहमतिपत्रमा सरकारले मृतकका परिवारका एक जना योग्य सदस्यलाई रोजगारी उपलब्ध गराउन आवश्यक पहल गर्ने उल्लेख छ। घटनाको अध्ययनका लागि गठित छानबिन समितिले पेस गर्ने प्रतिवेदनका सुझाव तथा सिफारिस प्रचलित कानुन बमोजिम कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अघि बढाउने पनि सहमतिमा उल्लेख छ।

नेपाल सरकारले मृतकको शव नेपाली सेनाको हेलिकप्टरमार्फत देवानगञ्ज गाउँपालिका-३ सुनसरी लैजाने व्यवस्था गरी मृतकको दाहसंस्कार गर्ने सहमति गरेको छ। घटनामा मृत्यु भएका तीन जनाको सम्झनामा गाउँपालिकाको उपयुक्त क्षेत्रमा स्थानीय सरकारसँगको समन्वयमा यसै वर्ष बजेट विनियोजन गरी स्मृति पार्क निर्माण गर्ने सहमति भएको छ।

# कोशी अस्पतालको नयाँ भवन समयमै सम्पन्न नहुँदा बिरामीलाई सास्ती

**विराटनगर–** कोशी अस्पतालको नयाँ भवन समयमा निर्माण हुन नसक्दा सेवाग्राहीले सास्ती व्यहोर्नुपरेको छ। कोशी अस्पताल, विराटनगरको सबैभन्दा पुरानो अस्पताल हो। पुरानो भवनबाट बिरामीको उपचार गर्न कठिन भइरहेको अस्पताल प्रशासनले जानकारी दिएको छ।

कूल ३५० शयचाको अस्पताललाई ठाउँको अभावले ३०० शयचाबाट सेवा प्रवाह गर्नु बाध्यता रहेको अस्पतालका प्रमुख डा. चन्द्रभाल झाले जानकारी दिए। ठाउँ साँघुरो छ, ओपिडीमा दैनिक दुई हजार जनासम्म बिरामी आउने गरेको बताइन्छ।

उनले अस्पतालका दुईवटा भवन निर्माण भइरहेको जानकारी दिए। उक्त भवन निर्माणपछि अस्पतालको कूल शयचा ७५० पुग्छ। यसबाट बिरामीलाई सबै प्रकारको सुविधा प्रदान गर्न सजिलो हुने डा. झाले बताए।

नयाँ बन्दै गरेका दुई भवनमध्ये पहिलो भवन लगभग सात हजार वर्गमिटरको एक बेससहित पाँचतले र दोस्रो दुई बेससहित १० तले ३३ हजार ७१० वर्गमिटरको छ। पहिलो भवनको सम्झौता २०७८ असार ३० गते भूमि निर्माण कन्स्ट्रक्सनले ३८ करोड ८७ लाख रूपैयाँमा ठेक्का लिएको थियो।

उक्त कम्पनीले बीचमा काम छाडेर भागेकाले निर्माण ढिलो भएको हो। रमन कन्स्ट्रक्सनले काम सुरु गरेको छ। जसले गर्दा भवन निर्माणमा ढिलाइ भएको उनको भनाइ छ। यो भवनको भौतिक प्रगति ७० प्रतिशत र वित्तीय प्रगति ६४ प्रतिशत रहेको प्रमुख शाहले बताए।

निर्माण सम्झौताअनुसार २०८३ असार २५ गतेभित्र सम्पन्न गर्नुपर्ने थियो। तर निर्माण कम्पनीको लापरवाहीका कारण समयमै निर्माण कार्य सम्पन्न हुन सकेनन्। उनका अनुसार दोस्रो भवनको निर्माण सम्झौता २०७९ साल असार १३ गते भएको थियो। २०८४ असार १२ गते निर्माण कार्य सम्पन्न हुनेगरी केसी कन्स्ट्रक्सनले दुई अर्ब १७ करोड रूपैयाँ लागतमा काम सुरु गरेको छ। अहिले यो भवनको भौतिक प्रगति ५० प्रतिशत र वित्तीय प्रगति ४२ प्रतिशत रहेको छ। *रासस*

पृष्ठ १ बाट क्रमशः

## बाँदर...

अध्ययनले बाँदरबाट भइरहेको कृषि क्षतिको अवस्था गम्भीर रहेको देखाएको प्रस्तावमा उल्लेख छ।

### अत्यधिक प्रभावित ४४ स्थानीय

तहमा २० हजार ३९५ वटा रातो बाँदर प्रत्यक्ष गणना गरिएको छ भने मध्यपहाडी क्षेत्रमा न्यूनतम एक लाख चार हजार १३७ बाँदर रहेको अनुमान गरिएको छ,' प्रस्तावमा भनिएको छ, 'एउटा समूहमा १९८ वटासम्म बाँदर भेटिएका छन् र औसत समूहको आकार ४२.६६ रहेको छ।'

प्रस्तावअनुसार बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशमा बाँदर, बँदेल र दुम्सीबाट हुने द्वन्द्व विशेष गम्भीर छ। कोशी प्रदेशमा बाँदर र हात्ती तथा लुम्बिनी र मधेस प्रदेशका जिल्लामा बाँदर र नीलगाईका कारण किसानले समस्या भोगिरहेका छन्। बाँदरकै आतंकका कारण पहाडी क्षेत्रको कृषि भूमि बाँझो हुँदै गएको र बसाइसराइको प्रमुख कारणमध्ये यो समस्या पनि बन्न थालेको केरुङले बताएका छन्।

अध्ययनमा सहभागी १ हजार ८४६ घरधुरीमा बाँदरबाट मात्रै वार्षिक करिब पाँच करोड रूपैयाँबराबरको बाली क्षति हुने गरेको प्रस्तावमा उल्लेख छ। मकैमा प्रतिघरधुरी औसत ३१२ किलो अर्थात् उत्पादनको ५०.३ प्रतिशत क्षति हुने गरेको अध्ययनले देखाएको छ। सर्वेक्षित परिवारको मकैमामात्रै करिब दुई करोड ५० लाख रूपैयाँबराबरको क्षति भएको प्रस्तावमा जनाइएको छ।

धान, गहुँ, कोदो, आलु, तोरी, सुन्तला र अलैंचीमासमेत १८ देखि ५२ प्रतिशतसम्म क्षति हुने गरेको उल्लेख छ। प्रदेशगत अवस्था अझ चिन्ताजनक रहेको प्रस्तावमा भनिएको छ। गण्डकीमा मकैको सापेक्ष क्षति ९० प्रतिशत, कर्णालीमा ८८ प्रतिशत तथा सुदूरपश्चिममा धानको ८५ प्रतिशत र गहुँको ९० प्रतिशतसम्म क्षति पुगेको प्रस्तावक केरुङले बताएका छन्।

■■■

## बाली...

स्वरोजगारी, उद्यम, उत्पादन र उत्पादकत्वमा नै असर पारी ग्रामीण र सहरको अर्थतन्त्रलाइ नै फराकिलो जोखिमतर्फ धकेलेको छ।' प्रस्तावकी समर्थक नीता घतानीका अनुसार किसानको समस्या वर्षौंसम्म दोहोरिँदा पहाडी क्षेत्रमा खेतीप्रतिको आकर्षण घट्दै गएको छ। कृषि उत्पादन र ग्रामीण अर्थतन्त्रमा परेको असरलाई अब स्थानीय समस्या भनेर पन्छाउन नहुने उनको तर्क छ।

बाँदर र बँदेलको समस्या प्रतिनिधिसभामा पहिलोपटक उठेको भने होइन। १२ फागुन २०८१ मा पनि बाँदर र बँदेलबाट किसानले भोगिरहेको समस्या तथा दीर्घकालीन समाधानसम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथि छलफल भएको थियो। त्यस क्रममा वन्यजन्तु नियन्त्रण, बाली सुरक्षा, स्थानीय सरकार र वन निकायबीच समन्वय तथा किसानलाई व्यावहारिक संरक्षण दिनुपर्ने विषय उठेको थियो।

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिलेसमेत विभिन्न अध्ययन प्रतिवेदनमाथि सरकार र सरोकारवाला विज्ञसँग छलफल गरेको थियो। समितिले आवश्यक बजेट विनियोजन गर्न तथा तत्कालीन र दीर्घकालीन उपाय खोज्न सरकारलाई निर्देशनसमेत दिएको थियो। तर डेढ वर्ष बितिसक्दा पनि किसानले बारीमै बसेर बाली रुँग्नुपर्ने अवस्था अन्त्य नभएको भन्दै प्रस्ताव फेरि ल्याउनुपरेको घतानीले बताइन्।

यसबीच सरकारले जंगली रातो बाँदरलाई गत वर्षको १९ माघ र जंगली बँदेललाई गत वर्षकै १२ फागुनमा पुनः एक वर्षका लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको छ। तोकिएका सर्तअनुसार निजी खेतबारीमा क्षति पुऱ्याउने रातो बाँदरलाई धपाउन, लखेट्न वा पक्रन तथा जंगली बँदेललाई धपाउन, लखेट्न, पक्रन वा नियन्त्रण गर्न सकिने व्यवस्था गरिएको छ। तर कानुनी घोषणामात्रले किसानको दैनिक समस्या समाधान गर्न नसकेको प्रस्तावमा उल्लेख छ।

यस्तै, वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० ले बाली क्षतिको मूल्यांकनका आधारमा बढीमा १० हजार रूपैयाँसम्म राहत दिने व्यवस्था गरेको छ। तर कतिपय बालीमा उत्पादनको आधाभन्दा बढी क्षति भइरहेको अवस्थामा विद्यमान राहत रकम पर्याप्त नभएको प्रस्तावमा दाबी गरिएको छ। प्रस्तावमा वास्तविक नोक्सानीअनुकूल राहत रकम, क्षति मूल्यांकनको आधार र राहत प्राप्त गर्ने प्रक्रियालाई पुनरावलोकन गर्न माग गरिएको छ। राहत आवेदन, क्षति प्रमाणीकरण र भुक्तानी प्रक्रिया सरल बनाई स्थानीय तहबाटै छिटो सेवा उपलब्ध गराउनुपर्ने प्रस्तावमा उल्लेख छ।

सरकारले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि प्राविधिक कार्यदल गठन गरी बाँदर, बँदेल, नीलगाई र दुम्सीबाट कृषिबालीमा भइरहेको क्षति न्यूनीकरणका उपायबारे सुझाव संकलनसमेत गरिसकेको प्रस्तावमा जनाइएको छ। त्यसैले अब थप अध्ययनभन्दा कार्यान्वयनमा जानुपर्ने समर्थक घतानीको जोड छ। प्रस्तावमा भनिएको छ, 'वैज्ञानिक अध्ययन, संसदीय छलफल, स्थानीय तहका अनुभव र सरकारी कार्यदलबाट पर्याप्त आधार तयार भइसकेकाले अब समस्या पुनः अध्ययनमा सीमित राख्नेभन्दा समयसीमासहितको कार्यान्वयनयोग्य राष्ट्रिय नीति आवश्यक भएको छ।'

### आठ बुँदे राष्ट्रिय कार्ययोजनाको माग

प्रस्तावमा बाँदर र बँदेल नियन्त्रणका लागि सरकारसँग आठवटा तत्कालीन कदम चाल्न माग गरिएको छ। उपलब्ध वैज्ञानिक अध्ययन र सरकारी कार्यदलका सुझावका आधारमा ३० दिनभित्र समयसीमा, बजेट तथा तीन तहका सरकारको जिम्मेवारीसहित एकीकृत राष्ट्रिय कार्ययोजना सार्वजनिक गर्न माग गरिएको छ। बाली क्षति, किसानको उजुरी, वन्यजन्तुको संख्या र आवागमनका आधारमा अत्यधिक प्रभावित पालिका तथा वडाको राष्ट्रिय द्वन्द्व नक्सांकन गरी उच्च जोखिम क्षेत्रमा लक्षित कार्यक्रम सञ्चालन गर्न माग गरिएको छ।

प्रस्तावमार्फत प्रभावित किसानलाई अनुदानमा प्रभावकारी घेराबार, सुरक्षित अवरोध, सामुदायिक निगरानी, पूर्वसूचना प्रणाली तथा प्रमाणित गैरघातक नियन्त्रण प्रविधि उपलब्ध गराउन माग गरिएको छ। अत्यधिक प्रभावित स्थानीय तहमा आधुनिक उपकरण र प्रशिक्षित जनशक्तिसहित द्रुत प्रतिकार्य टोली स्थापना गर्नुपर्ने प्रस्तावमा उल्लेख छ।

उच्च द्वन्द्व भएका क्षेत्रमा वैज्ञानिक अध्ययन र निरन्तर अनुगमनसहित लक्षित बाँझोपन तथा अन्य उपयुक्त जनसंख्या व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न माग गरिएको छ। जंगली बँदेलका हकमा नियमित संख्या अध्ययन गरी अत्यधिक प्रभावित क्षेत्रमा कानुनी र वैज्ञानिक मापदण्डअनुसार नियन्त्रण कार्यक्रम सञ्चालन गर्नुपर्ने प्रस्तावमा उल्लेख छ। बाली क्षतिको राहत वास्तविक उत्पादन लागत, क्षेत्रफल, क्षतिको मात्रा र स्थानीय बजार मूल्यका आधारमा पुनरावलोकन गर्न माग गरिएको छ।

वन्यजन्तुले कम क्षति गर्ने वैकल्पिक उच्च मूल्यका बालीका लागि बीउ, प्राविधिक सहयोग, अनुदान र बजार सुनिश्चित गर्न तथा वनभित्र प्राकृतिक आहारा, पानी र वासस्थान सुधार गर्न माग गरिएको छ।

किसान, सामुदायिक वन, वन कार्यालय र स्थानीय सरकारको संयुक्त संयन्त्र गठन गरी उच्च जोखिम भएका स्थानीय तहमा तत्काल राहत र प्रतिकार्यका लागि छुट्टै द्रुत कोष स्थापना गर्न माग गरिएको छ। र, सरकारले २०८१ फागुनको संसदीय छलफलपछि गरेका निर्णय, अध्ययन, खर्च, कार्यक्रम र उपलब्धिको एकीकृत विवरण सदनमा प्रस्तुत गर्नुपर्ने तथा राष्ट्रिय कार्ययोजनाको प्रगति प्रत्येक तीन महिनामा सम्बन्धित संसदीय समितिमा पेस गर्नुपर्ने माग गरिएको छ।

### छलफल हुनुपर्ने पाँच कारण

प्रस्तावमा बाँदर तथा जंगली बँदेलको समस्या प्रतिनिधिसभामा छलफल गर्नुपर्ने पाँच कारणसमेत उल्लेख गरिएको छ। बाली क्षति व्यापक भएर किसानको उत्पादन, आय, खाद्य सुरक्षा तथा ग्रामीण जीविकोपार्जनमा गम्भीर असर परेको र कतिपय स्थानमा खेती छाड्ने तथा बसाइ सर्ने अवस्था सिर्जना भएको पहिलो कारणका रूपमा उल्लेख गरिएको छ।

वैज्ञानिक अध्ययनमा सर्वेक्षण गरिएका एक हजार ८४६ घरधुरीमध्ये ९८ प्रतिशतले बाँदरलाई प्रमुख समस्याका रूपमा उल्लेख गरेको र बाँदरबाट मात्रै ती घरधुरीमा वार्षिक करिब पाँच करोड रूपैयाँबराबरको क्षति देखिएको विषयलाई राष्ट्रिय कृषि तथा खाद्य सुरक्षासँग जोडिएको छ। २०८१ फागुनमै संसद्मा यस विषयमा छलफल भए पनि किसानले अझै दिनरात खेतबारीमा बस्नुपर्ने अवस्था रहेको जनाइएको छ।

बाँदर र बँदेललाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरिए पनि उच्च जोखिम क्षेत्र पहिचान, वैज्ञानिक संख्या व्यवस्थापन, स्थानीय प्रतिकार्य संयन्त्र, खेतबारी संरक्षण र राहत प्रणाली पर्याप्त प्रभावकारी बन्न नसकेको उल्लेख छ। पछिल्लो वैज्ञानिक अध्ययन, प्राविधिक कार्यदल, स्थानीय तहका अनुभव तथा विगतको संसदीय छलफलबाट पर्याप्त आधार तयार भइसकेकाले अब अध्ययन र घोषणामामात्र सीमित नभई समयसीमाबद्ध राष्ट्रिय कार्ययोजना आवश्यक रहेको प्रस्तावमा जनाइएको छ।

प्रस्तावमा मानव-वन्यजन्तु द्वन्द्वलाई कुनै गाउँ, स्थानीय तह वा सत्ता पक्ष-प्रतिपक्षको मात्र समस्या नभई राष्ट्रिय सामाजिक, आर्थिक र राजनीतिक समस्याका रूपमा सम्बोधन गर्नुपर्ने उल्लेख गरिएको छ। बाँदर र बँदेल नियन्त्रणका लागि दर्ता गरिएको प्रस्तावमा कृषि, वन तथा पर्यावरण मन्त्रालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भू-संरक्षण विभागलाई सम्बन्धित निकायका रूपमा तोकिएको छ।

संसद् सचिवालयमा प्रस्ताव दर्तासँगै वर्षौंदेखि पहाडी तथा ग्रामीण क्षेत्रमा किसानले भोग्दै आएको बाँदर-बँदेलको समस्या पुनः राष्ट्रिय बहसमा आएको छ। अब प्रस्तावमाथि संसद्मा हुने छलफलले सरकारलाई तत्कालीन राहतदेखि दीर्घकालीन नियन्त्रण र व्यवस्थापनसम्मका ठोस कार्यक्रम अघि बढाउन दबाब दिने अपेक्षा गरिएको सांसद घतानीले बताइन्।

■■■

## प्रधानमन्त्री...

प्रधानमन्त्री शाहले नेपालको विकास र समृद्धिका लागि छिमेकी मुलुकहरूसँगको सहकार्य महत्त्वपूर्ण हुने धारणा राखे। विशेषगरी पूर्वाधार, आर्थिक विकास, व्यापार, पर्यटन तथा अन्य विकासका क्षेत्रमा सहकार्य बढाउन सकिने सम्भावनाबारे पनि भेटमा कुराकानी भएको जनाइएको छ। भेटका क्रममा चिनियाँ राजदूत झाङले प्रधानमन्त्री शाहलाई शुभकामना व्यक्त गर्दै नेपाल र चीनबीचको आपसी सम्बन्ध तथा सहकार्यलाई अझ सुदृढ बनाउन चीन प्रतिबद्ध रहेको बताएका छन्।

पछिल्लो भेटवार्तालाई दुई देशबीचको सम्बन्धलाई थप मजबुत बनाउने तथा विकासका क्षेत्रमा सहकार्य विस्तार गर्ने दिशामा सकारात्मक कदमका रूपमा हेरिएको छ। छिमेकीसँग प्रधानमन्त्री शाहले सम्बन्ध सुधारको प्रयास थाल्नु सकारात्मक सन्देश भएको जानकारहरू बताउँछन्। यसअघि प्रधानमन्त्री शाहले नेपालस्थित विदेशी कूटनीतिज्ञहरूसँग सामूहिक भेट गरेका थिए। उनले कसैसँग पनि एक्लै भेट्न मानेका थिएनन्। प्रधानमन्त्री शाहले भेट्न नमानेकै कारण भारतका विदेशसचिव विक्रम मिश्रीको निर्धारित नेपाल भ्रमण रद्द भएको थियो।

त्यसैगरी नेपाल भ्रमणमा आएका दक्षिण एसियाली मामिलाका लागि अमेरिकी सहायक विदेशमन्त्री समिर पल कपुर र दक्षिण एसियाका लागि राष्ट्रपति डोनल्ड ट्रम्पका विशेष दूत सर्जियो गोरसँग प्रधानमन्त्री शाहले भेट्न मानेनन्। नेपाल भ्रमणमा आएकी अमेरिकी उपविदेशमन्त्री सारा बी रोजर्सले पनि प्रधानमन्त्री शाहसँग भेट्न पाएनन्। यद्यपि प्रधानमन्त्री शाहले विदेशी कूटनीतिज्ञसँग एक्लै नभेट्ने अडान तोड्दै नेपाल भ्रमणमा आएका एसियाली विकास बैंक (एडिबी) का अध्यक्ष मासातो काण्डासँग गत असारमा भेट गरेका थिए। आज (मंगलबार) प्रधानमन्त्री शाहले नेपालका लागि अमेरिकी कार्यवाहक राजदूत स्कट उर्बमसँग भेट गर्ने भएका छन्।

■■■

## विभागको कार्यालयमा...

धर्नामा उत्रिएका व्यवसायीहरूले झण्झटिलो होइन पारदर्शी प्रक्रिया लागू गर, नीतिगत सुधार व्यवसायीको आवाज, व्यवसायीको सम्मान हाम्रो अभियान, वैदेशिक रोजगार बाध्यता होइन आवश्यकता हो, व्यावहारिक र न्यायपूर्ण नीति सम्मानित व्यवसाय, श्रमिक मारा सिण्डिकेट खारेज गर, श्रमिकको हकहित व्यवसायीको जिम्मेवारी, वैदेशिक रोजगार राष्ट्रको आवश्यकता, न्यायपूर्ण श्रमबजार-श्रमिक सुरक्षाको आधारलगायत नारा लेखिएका प्लेकार्ड देखाएका थिए।

व्यवसायीले श्रमिकको हितलाई ध्यानमा राखेर प्रदर्शन गरेको संघका अध्यक्ष डिकबहादुर खत्रीले बताए। यो अभियानले वैदेशिक रोजगार क्षेत्रको शुद्धीकरण र व्यवस्थापन गर्ने उनको भनाइ छ। 'यो आन्दोलन होइन। समग्र क्षेत्रको शुद्धीकरण र व्यवस्थापन गर्न आएको अभियान हो,' उनले भने, 'लामो समयदेखि असम्मानित पेसाका रूपमा चित्रित यो पेसालाई सम्मानित बनाउनपर्छ। न्यून शुल्कमा श्रमिकहरू जान पाउनुपर्छ। बजारमा भएको बेथिति अन्त्य गर्ने अभियान हो।' राज्यले चाहे व्यवसायीका माग तत्काल सम्बोधन गर्न सक्ने संघका प्रथम उपाध्यक्ष तथा संघर्ष समितिका संयोजक महेशकुमार बस्नेतले बताए। व्यवसायीका माग सम्बोधन भए समग्र वैदेशिक रोजगारीसँग जोडिएका सबै क्षेत्रलाई लाभ पुग्ने उनको भनाइ छ।

'राज्यले चाहे हाम्रा मागहरू तत्काल सम्बोधन गर्नसक्ने खालका छन्। हामीले हाम्रो सेवा शुल्क निर्धारण गरियोस्, करोडौं धरौटी राखेर काम गरिरहेका व्यवसायीलाई अपराधीसरह कारबाही गर्नुभएन, ऐन कानुनको समयसापेक्ष संशोधनलगायतका माग राखेको हो। हाम्रा मागहरू सम्बोधन हुँदा श्रमिक, राज्य र व्यवसायी सबैको हित हुने छ,' बस्नेतले भने।

धर्नापछि संघले विभागकी महानिर्देशक मीरा आचार्यलाई १५ बुँदे मागसहितको ज्ञापनपत्र बुझाएको थियो। विशेषगरी विभागले विभिन्न समयमा ७६१ म्यानपावर कम्पनीमाथि कारबाही गरेपछि व्यवसायीमा अन्योलता, असुरक्षा र नकारात्मक प्रभाव परेको संघको दाबी छ। विभागको व्यवहारले व्यवसायीको मनोबल गिराउनुका साथै मिहेनतले आर्जन गरेको प्रतिष्ठामा आँच पुऱ्याएको भन्दै उक्त कारबाही अविलम्ब फिर्ता हुनुपर्ने संघको माग छ।

ज्ञापनपत्र बुझ्दै महानिर्देशक आचार्यले व्यवसायीका मागका विषयमा मन्त्रालयमा छलफल गर्ने आश्वासन दिएको संघका महासचिव हिराबहादुर डाँगीले बताए। 'उहाँले हामीले राखेका मागको विषयमा छिट्टै मन्त्रालयमा छलफल गरेर फेरि हामीलाई छलफलका लागि बोलाउँछु भन्नुभएको छ,' डाँगीले भने।

रोजगारीमा जाने श्रमिकको लागतलाई पारदर्शी बनाउँदै वैज्ञानिक सेवा शुल्क लागू, गन्तव्य मुलुकको हवाइ भाडादर न्यूनीकरण, मागपत्र प्रमाणीकरण सञ्चालन गर्नुपर्ने, रोजारदाता मुलुकसँग श्रमिकमैत्री श्रम सम्झौता, वैदेशिक रोजगारीका उजुरीको न्यायोचित फरफारकलगायत मागसमेत संघले अगाडि सारेको छ।

दबाबमूलक कार्यक्रमअन्तर्गत आज व्यवसायीहरूले आ-आफ्नो कार्यालयमा कालोपट्टी बाँधेर काम गर्ने कार्यक्रम तय गरिएको संघले जनाएको छ। 'संघको कार्यसमितिले केन्द्रीय कार्यालयमा कालो पट्टी बाँधेर सामूहिक तस्बिर खिचेर विरोध गर्छौं। साथै, सम्पूर्ण व्यवसायीज्यूले आफ्नो कार्यालयमा कालो पट्टी बाँधेर काम गर्नुहुन्छ,' महासचिव डाँगीले भने।

■■■

## लोकतान्त्रिक...

भिएफएस प्रमाणीकरण अनिवार्य गरिँदा श्रमिकले ठूलो आर्थिक भार झेल्नुपरेको विषय पनि श्रमसचिव काफ्लेलाई अवगत गराइएको जानकारी दिइएको छ।

'छिमेकी मुलुक भारतले हालै भिएफएस प्रमाणीकरणको प्रावधानलाई अस्वीकार गरेको उल्लेख गर्दै नेपालबाट पनि उक्त प्रावधान हटाउन आवश्यक पहल गरिदिन अनुरोध गरेका छौं,' महासचिव पाण्डेले भने।


**स्कुटर हराएको सूचना**

मिति २०८३/०४/०९ गते का.जि. कागेश्वरी मनोहरा नगरपालिका वडा नं.८ तेजबिनायक चोकबाट पार्किङ गरी राखिएको अवस्थामा रातो रङ्को १२५ सि.सि. टिभिएस स्कुटर रातको अन्दाजी २:४० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**सवारी धनीको नाम : सुनिल घिसिङ**
**स्कुटर नं.: बा.प्र.-०२-०६४ प २४२४**
**च्यासिस नं.: MD626BK30S2G08002**
**इन्जिन नं. : AK3GS2107757**
**ठेगाना : गोठाटार, काठमाडौं**
**सम्पर्क नं. ९८४९३८८६२८**

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३/०४/०३ गते का.जि.का.म.न.पा.वडा नं.६, साततले चोक स्थित घर कम्पाउण्डको सडकखण्डमा पार्किङ गरी राखिएको अवस्थामा निलो/कालो रङ्को २२० सि.सि. पल्सर मोटरसाइकल रातको अन्दाजी १०:०० बजेको समयदेखि भोलिपल्ट २:०० बजे भित्रको हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**सवारी धनीको नाम : विर बहादुर माझी**
**बाइक नं.: बा.प्र.-०२-०६५ प १४५६**
**च्यासिस नं.: MD2A13609JCK80247**
**इन्जिन नं. : DKXCSJ10526**
**ठेगाना : कपन, साततले चोक, काठमाडौं**
**सम्पर्क नं. ९८४३७०७८४७**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/१०/१० मा दर्ता भएको **प्रा.लि. नं. १४४३४५/०७२/०७३** को **हरियाली वातावरण एग्रो फार्म प्रा. लि.** को मिति २०८३/०४/२५ गतेमा सम्पन्न एकल शेयर धनिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०८१/०९/१४ मा दर्ता भएको **रङ्ग ईन्टिरियर एण्ड डिजाइन प्राइभेट लिमिटेड (प्रा.लि. नं. ३५८२०७)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१, (NTC) १८१०-२१-७७७७१, (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
चारपाने शाखा, बिर्तामोड नगरपालिका, झापा
सम्पर्क फोनः +९७७-०२३-५३६७२६

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री विर्दी लाल ढकालको नाति, रगं लाल ढकालको छोरा, कोशी प्रदेश-१ झापा जिल्ला, बाह्रदशी गाउपालिका वडा नं. ६ बस्ने ६२ वर्षको श्री तेज प्रसाद ढकालको २०८३/०१/२५ (ई.सं. ०८/०५/२०२६) मा मृत्यु भएकोले स्व. तेज प्रसाद ढकालको श्रीमती हाल, कोशी प्रदेश-१ बाह्रदशी गाउँपालिका वडा नं. ६ बस्ने श्रीमती मेनुका देवी ढकालले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको चारपाने शाखामा, बिर्तामोड नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

29 YEARS OF DOING MORE...

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१, (NTC) १८१०-२१-७७७७१, (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
किर्तीपुर शाखा, काठमाडौं नगरपालिका, किर्तीपुर
सम्पर्क फोनः +९७७-०१-४३३०७६०

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री बेखलाल मर्हजनको नाति, राम कुमार मर्हजनको छोरा, बागमती प्रदेश काठमाण्डौं जिल्ला, नगाउँ वडा नं.१६ हाल - किर्तीपुर नगरपालिका वडा नं. ०९ बस्ने ४८ वर्षको श्री शिब शरण मर्हजनको मिति २०८२/१०/२६ (ई.सं. ०९/०२/२०२६) मा मृत्यु भएकोले स्व. शिब शरण मर्हजनको श्रीमती शुषमा श्रेष्ठ (धुमन) हाल किर्तीपुर -०९ बस्ने श्रीमती शुषमा श्रेष्ठ धुमनले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको किर्तीपुर शाखा, काठमाडौं किर्तीपुर नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

29 YEARS OF DOING MORE...

# गोदान, पूर्णपात्र गरी समापन गरियो साउने व्रत



**काठमाडौं–** सौरमासअनुसार साउनको पहिलो सोमबारदेखि देवादिदेव महादेवको पूजाआराधना गरी व्रत बसेका भक्तजनले सोमबार गोदान, पूर्णपात्र गरी व्रत समापन गरेका छन् । भक्तजनले शिवको विशेष पूजाआराधना गरी साउने सोमबारको व्रत समापन गरेका हुन् ।

धेरैजसो भक्तजनले भने साउन महिनाका पाँचवटै सोमबार गरेको व्रत समापनका लागि गोदान, पूर्णपात्र गर्ने परम्परा रहिआएको छ । सोमबार बिहानैदेखि पशुपतिनाथ मूल मन्दिरको बाहिरी क्षेत्रमा गोदान, पूर्णपात्र गर्न बस्ने ब्राह्मण पुरोहित र वर्तालु भक्तजनको घुइँचो थियो ।

विशेषगरी वैदिक सनातन हिन्दू धर्मावलम्बीले साउनको सोमबार नियमित व्रत बस्ने गर्छन् । साउन महिना र सोमबारलाई शिवजीको महिना एवं बार भनी धर्मग्रन्थमा उल्लेख गरिएको छ । साउनको सोमबार जलधारामात्र दिए पनि शिवजी प्रसन्न भई इच्छा पूरा गरिदिने, पारिवारिक सुख, शान्ति दिने भएकाले सनातन धर्मावलम्बीले विशेष महिनाका रूपमा मनाउने परम्परा छ । साउनको पनि सोमबार विशेष मानिन्छ ।

धर्मशास्त्रविद् एवं नेपाल पञ्चांग निर्णायक विकास समितिका पूर्वअध्यक्ष प्रा.डा. रामचन्द्र गौतमले शिवजीले चन्द्रमालाई शिरमा धारण गरेकाले सोमबारलाई शिवजीको बारका रूपमा मानी यस दिन आराधना गर्ने गरिएको बताए । परम्पराअनुसार कुनै कूलविशेषले चान्द्रमासअनुसारका साउन महिनामा साउने सोमबारको व्रत गरे पनि कर्कट राशिमा सूर्य भएका सोमबार विशेषरूपमा शिवजीको आराधना गर्ने शास्त्रीय विधि रहेको उनले जानकारी दिए ।

यस वर्ष साउन ४, ११, १८ र २५ गते गरी चार वटा सोमबार परेकामा २५ गते अन्तिम सोमबार व्रत विशेष पूजा वा गोदान, पूर्णपात्र गरी विधिपूर्वक समापन गरिएको हो । नयाँ व्रत सुरु गर्नेले पाँच वटा सोमबार परेको वर्षदेखि आरम्भ गर्नुपर्छ भनी लोकमा गरिने व्यवहारमा शास्त्रीय मत नमिल्ने पनि अध्यक्ष गौतमले जानकारी दिए । शास्त्रीय मान्यता अनुसार चार वटा सोमबार परेको वर्षदेखि पनि नयाँ वर्तालुले आराधना गर्न सक्छन् ।

साउने सोमबारको व्रत गरेमा यस लोकमा सुख, शान्ति र परलोकमा सद्गति प्राप्त हुने शिवपुराणलगायत धर्मग्रन्थमा उल्लेख गरिएको छ । साउने सोमबार र तिजको हरितालिका व्रत महिलालेमात्र गर्नुपर्ने भन्ने व्यवहारमा देखिए पनि शास्त्रीय मतअनुसार महिला/पुरुष दुवैले यो व्रत गर्नुपर्ने उनले बताए । प्रायः परिवारमा महिलाले सबैको प्रतिनिधित्व गरेर व्रत बस्ने गरेका हुन् ।

धेरैले शिवजीको महिना भनी साउनमा मांस, मदिरा सेवन गर्दैनन् । शिवजीलाई जलधारा प्रिय हुने भएकाले यस महिनामा पवित्र तीर्थस्थलबाट जल लगेर पशुपतिनाथलगायत शिवालयमा चढाउने भक्तजनको पनि भीड लाग्ने गरेको छ । भक्तजनले बागमती मुहान क्षेत्र सुन्दरीजलबाट पशुपतिसम्म बोलबम गरी जल चढाएका हुन् ।

साउनभर बोल बम यात्रीले सुन्दरीजल भरिभराउ भयो । भोलेनाथ काँवरिया संघ, बोल बम काँवरिया संघ, श्री पशुपतिनाथ काँवरिया समितिलगायत संस्थाले यस वर्ष बोल बम काँवर यात्रा गरेका थिए । धेरै नेपालीले वर्षमा एकपटक साउन महिनामा घरमा वैदिक रुद्राभिषेकसमेत गर्ने परम्परा छ ।

साउनमा भक्तजनको विशेष घुइँचो लाग्ने पशुपतिनाथ मन्दिरलगायत ठूला, साना शिवालय भक्तजनको लाम देखिन्थ्यो । साउनको अन्तिम सोमबार गोकर्णेश्वर महादेव मन्दिर, नागेश्वर मन्दिरलगायत देशभरका शिवालयमा गोदान, पूर्णपात्र गरी साउने सोमबारको व्रत समापन गर्ने भक्तजनको घुइँचो लागेको जनाइएको छ । *रासस*

# सिटिइभिटीका करार र ज्यालादारी कर्मचारी आन्दोलित

**काठमाडौं (प्रस)–** देशभरका सिटिइभिटी मातहतका विद्यालयमा कार्यरत करार, मासिक ज्यालादारी तथा दैनिक ज्यालादारी कर्मचारीले सिटिइभिटीको केन्द्रीय कार्यालय घेराउ गरेका छन् ।

संघर्ष समिति बनाएर आन्दोलनमा उत्रिएका उनीहरूले सोमबार सिटिइभिटीको मुख्य कार्यालयको प्रवेशद्वारमा धर्ना दिएका हुन् । करार, मासिक ज्यालादारी र दैनिक ज्यालादारी कर्मचारीको सेवा, सुविधा र रोजगारीको विषयमा समान नीति लागू गर्नुपर्ने, वर्षौं सेवा गरेका कर्मचारीलाई विभेदपूर्ण ढंगले सेवा सुविधाबाट वञ्चित गर्न नहुने तथा विद्यालय मर्जका नाममा रोजगारी गुमाएका कर्मचारीको समस्या समाधान गर्नुपर्ने उनीहरूको माग छ । उक्त मागसहितको ज्ञापनपत्र बुझाइसकेको भए पनि मागप्रति बेवास्ता गरिएपछि कार्यालय घेराउ गर्न बाध्य भएको संघर्ष समितिका संयोजक अमित पन्तले बताए ।

उनले लामो समयदेखि करारमा कार्यरत कर्मचारीलाई सेवाको प्रकृति र योगदानका आधारमा समान व्यवहार गर्नुपर्ने आफूहरूको माग रहेको बताए । वर्षौंसम्म संस्थामा काम गरेका कर्मचारीलाई सेवाको स्थायित्व र सम्मान दिनुको सट्टा विभेदपूर्ण व्यवहार गरिएको उनको आरोप छ । 'वर्षौंदेखि मासिक ज्यालादारीमा काम गर्दै आएका कर्मचारीलाई दैनिक ज्यालादारीमा झार्ने निर्णय श्रमिकको श्रम र योगदानको अपमान हो,' संयोजक पन्तले भने ।

सरकारले आफूहरूको माग तत्काल सम्बोधन नगरे आजदेखि आन्दोलन थप सशक्त बनाउने संघर्ष समितिले चेतावनी दिएको छ ।


## मलेसियामा रोजगार

कम्पनी : DV SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/३० | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/08/२५ | LT. No. 325546 | चलानी नं. ६०२३९४९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 96 | 0 | 1700 | ६३,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २ गते (18th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851040203, 9851419911
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम इजाजत नं. ७८८/०६५/०६६

## साउदीमा रोजगार

कम्पनी : ARABIAN GULF CONSTRUCTION COMPANY FOR TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/08/१८ | LT. No. 342156 | चलानी नं. ६०२५५५०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction worker | 10 | 0 | 1000 | ४०,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy equipment driver | 7 | 0 | 2500 | १०१,७७५ | | | | | | | |
| 3 | Heavy truck driver | 9 | 0 | 1800 | ७३,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २ गते (18th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Go Source Placement Services Pvt.ltd.(Avion Human Resource Management Pvt. Ltd.)
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal. , Tel No.: +977-1 4599632, 9801000593, 9801000591, Email: avionhumanrm@gmail.com,, Website: www.gosourceplacementservices.com

## मलेसियामा रोजगार

कम्पनी : SECURIGUARDS FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/१४ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/08/२५ | LT. No. 336216 | चलानी नं. ६०२४९८१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 45 | 0 | 1700 | ६३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २ गते (18th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


K & C International Pvt. Ltd
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal, Dinesh Thapa 9841682307, Tel: +977-1-4440633

## कतारमा रोजगार

कम्पनी : VERMINEX CLEANING AND SERVICES WLL

पूर्व स्वीकृति मिति : २०८३/08/२५ | LT. No. 346305 | चलानी नं. ६०२५९५३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners / Public Building | 6 | 0 | 1000 | ४१,८१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २ गते (18th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com
श्रम इजाजत नं. ११७७/०७३/०७४


## मोटरसाइकल हराएको सूचना

मिति २०८३/०४/१७ गते का.जि.का.म.न.पा-६, चावहिल कोठा अगाडि सडकमा पार्किङ गरी राखिएको अवस्थामा खैरो रङ्को **TVS125** राइडर मोटरसाइकल रातको अन्दाजी ८:४० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : युव राज राई**
**बाइक नं.: बा.प्र.-०२-०६३ प ८८२४**
**च्यासिस नं.: MD625AF9251K27041**
**इन्जिन नं. : DF9K51814915**
**ठेगाना : भोजपुर, भोजपुर न.पा-४**
**सम्पर्क नं. ९८४९७०७६१२**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/१४ गते**

यस कम्पनीको मिति २०८३/०३/२३ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कनेक्ट ग्लोब एजुकेशन ग्रुप प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/३१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सि.जि.इ.जि. ग्लोबल प्रा.लि. (प्रा.लि.नं. १४३४११)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री MBK Overseas Pvt.Ltd. प्रा.लि. (ई.प.नं.५४२/०६१/६२) को साविकको ठेगाना काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. १० परिवर्तन गरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २६** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

## धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३, (अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धि आ.व. ०८२/८३ को चौथो त्रैमासिक प्रतिवेदन

**Eastern Hydro Power Limited Jwagal-10, Lalitpur, Nepal**
**Unaudited Financial Report (Quarterly)**
**IVth Quarter as on 32nd Ashadh, 2083, F/Y 2082/83**
**Figure in NPR**

| Particulars | This Quarter Ending Ashadh 2083 | Previous Quarter Ending Chaitra 2082 | Corresponding perviuous year Quarter ending Ashadh 2082 |
|---|---|---|---|
| Assets | | | |
| Non current Assets | | | |
| Property Plant and Equipment | 489,165 | 502,015 | 511,694 |
| Intangible Assets | 964,282,319 | 976,535,994 | 1,013,297,020 |
| Other Non Current Assets | | | - |
| **Total Non Current Assets** | **964,771,484** | **977,038,010** | **1,013,808,714** |
| Current Assets | | | |
| Financial Assets | | | |
| Trade & Other Receivables | 59,903,847 | 61,160,327 | 77,023,953 |
| Short Term Loans & Advances | 867,716 | 980,004 | 6,402 |
| Cash and Cash Equivalent | 52,948,589 | 55,294,210 | 5,514,566 |
| Other Current Assets | 980,482 | 987,684 | 970,494 |
| **Total Current Assets** | **114,700,633** | **118,422,225** | **83,515,415** |
| **Total Assets** | **1,079,472,117** | **1,095,460,234** | **1,097,324,128** |
| Equity and Liability | | | |
| Equity | | | |
| Share Capital | 620,000,000 | 620,000,000 | 620,000,000 |
| Reserve and Surplus | (146,917,058) | (138,093,184) | (167,950,430) |
| **Total Equity** | **473,082,942** | **481,906,816** | **452,049,570** |
| Liability | | | |
| Non Current Liabilities | | | |
| Financial Liabilities | | | |
| Loans and Borrowings (Long Terms) | 559,979,903 | 567,781,241 | 599,854,223 |
| Lease Liabilities | - | - | - |
| **Total Non Current Liabilities** | **559,979,903** | **567,781,241** | **599,854,223** |
| Financial Liabilities | | | |
| Loans and Borrowings (Short Term) | 39,646,320 | 38,966,669 | 35,870,480 |
| Trade and other Payables | 4,413,026 | 3,914,640 | 3,651,274 |
| Retention Liabilities | 1,307,204 | 1,307,204 | 1,307,204 |
| Other Current Liabilities | 613,468 | 974,332 | 4,415,536 |
| Staff Bonus Payable | 429,252 | 609,332 | 175,841 |
| **Total Current Liabilities** | **46,409,271** | **45,772,176** | **45,420,335** |
| **Total Liability** | **606,389,174** | **613,553,417** | **645,274,558** |
| **Total Equity and Liability** | **1,079,472,117** | **1,095,460,234** | **1,097,324,128** |

Unaudited Income Statement
For the period 1st Shrwan 2082 to 32nd Ashadh, 2083

| Particulars | This Quarter Ending Ashadh 2083 | Previous Quarter Ending Chaitra 2082 | Corresponding perviuous year Quarter ending Ashadh 2082 |
|---|---|---|---|
| Revenue from operation | 146,820,576 | 118,457,969 | 129,392,649 |
| Cost of Sales | 20,416,300 | 10,573,566 | 13,009,921 |
| **Gross Profit** | **126,404,276** | **107,884,403** | **116,382,728** |
| Other Income | 30,000 | 30,000 | - |
| Expenses | | | |
| Employee Benefits | 2,024,540 | 1,648,260 | 2,227,547 |
| Administrative Expenses | 4,684,660 | 2,643,985 | 3,160,224 |
| IPO Issue Expenses | - | - | - |
| Depreciation and Amortization Expense | 49,037,230 | 36,782,204 | 49,849,763 |
| **Total Expenses** | **55,746,430** | **41,074,449** | **55,237,533** |
| Profit Before Financial Cost, Bonus & Tax | 70,687,846 | 66,839,954 | 61,145,195 |
| Finance Cost | 49,225,221 | 36,373,376 | 52,353,150 |
| Profit Before Bonus & Tax | 21,462,625 | 30,466,578 | 8,792,045 |
| Staff Bonus | 429,252 | 609,332 | 175,841 |
| Profit Before Tax (PBT) | 21,033,372 | 29,857,246 | 8,616,204 |
| **Income Tax Expenses** | - | - | - |
| **Profit for the Period** | **21,033,372** | **29,857,246** | **8,616,204** |

Notes: The figures are regrouped and rearranged where necessary.
The Unaudited Financial figure are subject to change from external auditors and regulatory authority.

### धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ (अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित) आ.व. २०८२/८३ को चौथो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**

क. आ.व. २०८२/८३ को चौथो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाव किताव मिती २०८३/०४/२६गतेको प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित गरिनेछ ।

ख. उक्त वासलातको आधारमा कम्पनीको मुख्य वित्तिय अनुपात निम्नानुसार छन् ।

| | | | |
|---|---|---|---|
| प्रति सेयर आम्दानी | 3.39 | प्रति सेयर कुल सम्पत्तिको अनुपात | 174.11 |
| प्रति सेयर नेटवर्थ | 76.30 | मूल्य आम्दानी अनुपात | 96.77 |
| तरलता अनुपात | 2.47 | | |

**२. व्यवस्थापकीय विश्लेषण :**

यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा उल्लेखनिय परिवर्तन छैन । कम्पनीको व्यवसायिक योजना अनुरूप नै कार्यहरु हुदैछन् । यस त्रैमासिक अवधिमा विद्युत विक्रिबाट हुने आम्दानी सन्तोषजनक रहेको पाईएको छ ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण :**

यस त्रैमासिकमा संस्थाले कसै विरूद्ध र कसैले संस्था विरूद्ध साथै संस्थापक र सञ्चालक विरूद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

**४. संगठित संस्थाको सेयर कारोबार सम्बन्धी विश्लेषण:**

धितोपत्र बजारमा संस्थाको सेयर कारोवार निम्नानुसार सामान्य प्रकृति बाटै भएको छ । यस त्रैमासिक अवधिमा

संस्थाको अधिकतम, न्युनतम, अन्तिम मूल्य कारोवार भएको कुल दिन तथा कारोवार संख्या स्टक एक्सचेन्ज लि. को

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य रू. | 438.70 | अन्तिम मूल्य रू. | 328 |
| न्यूनतम मूल्य रू. | 318.30 | कारोवार दिन | 64 |
| कारोवार संख्या | 9052 | | |

**५. समस्या तथा चुनौती :**

समयमा बृद्धि हुँदा पनि साना खाले विद्युत आयोजनाको मुल्य समाहीत हुन नसक्नु यस क्षेत्रको चुनौती बनेको छ । आइपर्ने समस्या र चुनौती समाधानका उपायहरु बारे सञ्चालक समितिले समय समयमा समिक्षा गरि रणनीति बनाई सो को निराकरण गर्न खोजेको छ ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारी वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रिहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्षको उद्घोषण :**

आजका मिती सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु लगानीकर्ताहरु सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएको छैन ।

## धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३, (अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धि आ.व. २०८२/८३ को चौथो त्रैमासिक प्रतिवेदन

**Yambaling Hydro Power Limited Jwagal-10, Lalitpur, Nepal**
**Unaudited Financial Report (Quarterly)**
**IVth Quarter as on 32nd Ashadh, 2083, F/Y 2082/83**
**Figure in NPR**

| Particulars | This Quarter Ending Ashadh 2083 | Previous Quarter Ending Chaitra 2082 | Corresponding perviuous year Quarter ending Ashadh 2082 |
|---|---|---|---|
| Assets | | | |
| Non current Assets | | | |
| Property Plant and Equipment | 3,844,535 | 4,191,730 | 5,233,313 |
| Intangible Assets | 1,828,017,866 | 1,844,649,120 | 1,894,542,884 |
| Deffered Tax Assets | | | 8,259,940 |
| **Total Non Current Assets** | **1,831,862,401** | **1,848,840,850** | **1,908,036,137** |
| Current Assets | | | |
| Financial Assets | | | |
| Trade & Other Receivables | 21,587,828 | 17,628,278 | 28,291,500 |
| Short Term Loans & Advances | 2,758,790 | 3,256,297 | 2,962,109 |
| Cash and Cash Equivalent | 2,171,753 | 677,675 | 535,107 |
| Other Current Assets | 3,487,442 | 59,944 | 3,479,176 |
| **Total Current Assets** | **30,005,813** | **21,622,194** | **35,267,892** |
| **Total Assets** | **1,861,868,214** | **1,870,463,043** | **1,943,304,028** |
| Equity and Liability | | | |
| Equity | | | |
| Share Capital | 700,000,000 | 420,000,000 | 420,000,000 |
| Reserve and Surplus | (45,683,281) | (1,215,958) | 7,634,375 |
| **Total Equity** | **654,316,719** | **418,784,042** | **427,634,375** |
| Liability | | | |
| Non Current Liabilities | | | |
| Financial Liabilities | | | |
| Loans and Borrowings (Long Terms) | 1,094,696,844 | 1,103,031,702 | 1,133,710,884 |
| Lease Liabilities | - | - | - |
| **Total Non Current Liabilities** | **1,094,696,844** | **1,103,031,702** | **1,133,710,884** |
| Financial Liabilities | | | |
| Loans and Borrowings (Short Term) | 63,471,063 | 259,305,293 | 251,324,543 |
| Trade and other Payables | 36,770,418 | 80,012,655 | 94,066,254 |
| Retention Liabilities | - | - | - |
| Other Current Liabilities | 20,873,110 | 17,589,290 | 36,567,973 |
| **Total Current Liabilities** | **121,114,591** | **356,907,238** | **381,958,769** |
| **Total Liability** | **1,215,811,435** | **1,459,938,940** | **1,515,669,653** |
| **Total Equity and Liability** | **1,870,128,154** | **1,878,722,983** | **1,943,304,028** |

Unaudited Income Statement
For the period 1st Shrwan 2082 to 32nd, Ashadh, 2083

| Particulars | This Quarter Ending Ashadh 2083 | Previous Quarter Ending Chaitra 2082 | Corresponding perviuous year Quarter ending Ashadh 2082 |
|---|---|---|---|
| Revenue from operation | 180,118,751 | 148,767,471 | 156,334,476 |
| Cost of Sales | 37,506,954 | 14,556,727 | 16,211,790 |
| **Gross Profit** | **142,611,797** | **134,210,743** | **140,122,686** |
| Construction Revenue IFRIC | - | - | 105,372,526 |
| Expenses | | | |
| Employee Benefits | 2,199,010 | 1,743,010 | 1,764,560 |
| Administrative Expenses | 7,240,970 | 3,405,833 | 4,169,304 |
| IPO Issue Expenses | 6,296,380 | 2,411,950 | - |
| Depreciation and Amortization Expense | 67,913,796 | 50,935,347 | 67,913,796 |
| **Total Expenses** | **83,650,157** | **58,496,140** | **73,847,660** |
| Profit Before Financial Cost, Bonus & Tax | 58,961,640 | 75,714,603 | 171,647,551 |
| Finance Cost | 112,279,297 | 84,564,936 | 132,428,606 |
| Profit Before Bonus & Tax | (53,317,657) | (8,850,333) | 39,218,945 |
| Staff Bonus | - | - | - |
| Profit Before Tax (PBT) | (53,317,657) | (8,850,333) | 39,218,945 |
| **Income Tax Expenses** | - | - | - |
| **Profit for the Period** | **(53,317,657)** | **(8,850,333)** | **39,218,945** |

Notes: The figures are regrouped and rearranged where necessary. The Unaudited Financial figure are subject to change from external auditors and regulatory authority.

### धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ (अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित) आ.व. २०८२/८३ को चौथो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**

क. आ.व. २०८२/८३ को चौथो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाव किताव मिती २०८३/०४/२६ गतेको प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित गरिनेछ ।

ख. उक्त वासलातको आधारमा कम्पनीको मूख्य वित्तिय अनुपात निम्नानुसार छन् ।

| | | | |
|---|---|---|---|
| प्रति सेयर आम्दानी | (7.62) | प्रति सेयर कुल सम्पत्तिको अनुपात | 265.98 |
| प्रति सेयर नेटवर्थ | 93.47 | मूल्य आम्दानी अनुपात | (73.00) |
| तरलता अनुपात | 0.25 | | |

**२. व्यवस्थापकीय विश्लेषण :**

यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा उल्लेखनिय परिवर्तन छैन । कम्पनीको व्यवसायिक योजना अनुरूप नै कार्यहरु हुदैछन् । यस त्रैमासिक अवधिमा विद्युत विक्रिबाट हुने आम्दानी सन्तोषजनक रहेको पाईएको छ ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण :**

यस त्रैमासिकमा संस्थाले कसै विरूद्ध र कसैले संस्था विरूद्ध साथै संस्थापक र सञ्चालक विरूद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

**४. संगठित संस्थाको सेयर कारोबार सम्बन्धी विश्लेषण:**

अधिकतम, न्युनतम, अन्तिम मूल्य कारोवार भएको कुल दिन तथा कारोवार संख्या स्टक एक्सचेन्ज लि. को वेवसाईट अनुसारः

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य रू. | 797.60 | अन्तिम मूल्य रू. | 556.00 |
| न्यूनतम मूल्य रू. | 300.00 | कारोवार दिन | 20 |
| कारोवार संख्या | 37731 | | |

**५. समस्या तथा चुनौती :**

बृद्धि हुँदा पनि साना खाले विद्युत आयोजनाको मूल्य समाहीत हुन नसक्नु यस क्षेत्रको चुनौती बनेको छ । आइपर्ने

समस्या र चुनौती समाधानका उपायहरु बारे सञ्चालक समितिले समय समयमा समिक्षा गरि रणनीति बनाई सो को निराकरण गर्न खोजेको छ ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारी वृत्ति विकास, आवस्यक कार्यकक्ष र सामाग्रिहरूको सम'चित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा प्रवन्ध सञ्चालकको उद्घोषण :**

आजका मिती सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु लगानीकर्ताहरु सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएको छैन ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नेपाली फुटबललाई मृत्युशय्याबाट ब्युँताऊ

नेपाली फुटबल क्षेत्र यतिबेला चरम निराशाजनक र दुर्दशापूर्ण अवस्थाबाट गुज्रिरहेको छ। घरेलु लिगको अनिश्चितता, खेलाडीहरूको तीव्र पलायन र रंगशालाको कमजोर पूर्वाधारजस्ता आन्तरिक समस्याले फुटबल थला परेको अवस्थामा थियो। अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) ले अखिल नेपाल फुटबल संघ (एन्फा) लाई निलम्बन गरेपछि नेपाली फुटबल पूर्णरूपमा कोमामा पुगेको छ। घरेलु मैदानमा प्रतिस्पर्धा गरेर देशको झण्डा अन्तर्राष्ट्रिय मञ्चमा फहराउने हजारौं युवाको सपना र करोडौं दर्शकको आस्थामाथि यो बज्रपात हो।

नेपाली फुटबल यो दुर्गतिको अवस्थामा पुग्नुमा एन्फामाथिको राजनीति हस्तक्षेप मुख्य कारक छ। यसमा खेलकुदको नियमनकारी निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप) र सरकारको हात छ। राखेपको अनावश्यक प्रशासनिक हस्तक्षेपका कारण फिफाले नेपाललाई निलम्बन गर्ने कडा कदम चालेको सर्वविदितै छ। फिफा विधानअनुसार कुनै पनि राष्ट्रिय संघ राजनीतिक र गैरफुटबल निकायको हस्तक्षेपबाट मुक्त हुनुपर्छ। तर, राखेप र सरकारले खेलकुदको स्वायत्ततालाई बुझ्न नसक्दा आज नेपाली टोलीले कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिन नपाउने, आर्थिक र प्राविधिक सहयोग रोकिने तथा प्रशिक्षक र रेफ्रीको वृत्तिविकास ठप्प हुने दयनीय अवस्था सिर्जना भएको छ।

यति गम्भीर मोडमा उभिएको फुटबल क्षेत्रप्रति सरकार र विशेषगरी शिक्षा तथा खेलकुद मन्त्रालयको उदासीनता झनै चिन्ताजनक छ। शिक्षा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी सम्हालेका मन्त्री सस्मित पोखरेलले यो संकट समाधानमा देखाएको निष्क्रियता र बेवास्ता खेदजनक छ। युवा नेताका रूपमा खेल र युवाका मुद्दामा द्रुत र नीतिगत सुधार ल्याउने अपेक्षा गरिएका मन्त्री पोखरेल फुटबल संकटबारे मौन बस्नु र कुनै ठोस पहल नलिनुले जिम्मेवारीप्रतिको गम्भीरतामाथि प्रश्न उठाएको छ। शिक्षा र खेलकुद दुवैको नेतृत्व सम्हालिरहेका मन्त्रीले देशको प्रतिष्ठासँग जोडिएको खेलकुद संस्था अन्तर्राष्ट्रियरूपमै प्रतिबन्धित हुँदा पनि मुख नखोल्नु र निकासको बाटो नखोज्नु गैरजिम्मेवारपनको पराकाष्ठा हो।

नेपालका व्यावसायिक फुटबल खेलाडीहरू आफ्नो भविष्य नदेखेर धमाधम विदेश पलायन भइरहेका छन्। देशका लागि पसिना बगाएका उदीयमान प्रतिभाहरू पलायन हुनु र नयाँ पुस्ता फुटबलबाट विमुख हुनु राष्ट्रका लागि अपूरणीय क्षति हो। युवाहरूकै आन्दोलनको बलमा बनेको सरकारले फुटबलको समस्या समाधानमा देखाएको उदासीनता युवाहरूको सपना र अवसरमाथिको गम्भीर घात हो। त्यसैले अब सरकार र खेलकुदमन्त्री पोखरेल गैरजिम्मेवार भएर बस्न मिल्दैन।

फिफाको निलम्बन फुकुवाका लागि आवश्यक सर्तहरू पूरा गर्दै राखेप वा अन्य सरकारी निकायबाट भएका हस्तक्षेपकारी निर्णयहरू फिर्ता लिने र एन्फामा स्वच्छ, पारदर्शी तथा निष्पक्ष वातावरण तयार पार्न सरकारले तत्काल कदम चाल्न अनिवार्य भइसकेको छ। यदि अझै पनि सरकार र मन्त्रालयले यस विषयमा आँखा चिम्लिरहने हो भने नेपाली फुटबलको अस्तित्व नै समाप्त नहोला भन्न सकिन्न। सरकारको ध्यानाकर्षण होस्- नेपाली फुटबललाई मृत्युशय्याबाट ब्युँताउन ढिलाइ नगरी तत्काल ठोस कदम चालियोस्।

## श्रम सरोकार

# नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ। अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ। विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ। अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ। वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन्। आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ। अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन। कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन्। यसमा सचेतता अपनाउन जरुरी छ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ। त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ। केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ। यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ। यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ। पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ। यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन्। यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ। त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन। यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ। त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ।

# सम्पत्ति छानबिन: न्यायाधीश र सेनालाई किन छुट ?



❑ मोहनकुमार दाहाल

सर्वोच्च अदालतले सम्पत्ति छानबिन आयोगलाई न्यायाधीश तथा नेपाली सेनाको सम्पत्ति छानबिन गर्न नमिल्ने अन्तरिम आदेश दिएपछि यसले एउटा गम्भीर प्रश्न उठाएको छ- आम नागरिकको सम्पत्ति त छानबिन हुन सक्छ, तर न्यायको पवित्र मन्दिरमा बस्नेहरू र नेपाली सेनाका सदस्यहरूको किन छानबिनको दायराभन्दा बाहिर ?

अदालतको यो आदेशले न्यायपालिकाभित्र 'हामी माथि छौं' भन्ने मानसिकतालाई स्थापित गरेको देखिन्छ, जसले न्यायप्रति जनताको विश्वासलाई गम्भीर आघात पुऱ्याउने खतरा छ। न्यायाधीशहरू आफैंलाई वरिष्ठ ठान्ने यो प्रवृत्तिले 'न्यायको शासन' होइन, 'न्यायाधीशको शासन' को विकृति जन्माउँछ। अदालत भनेको पीडितलाई न्याय दिने ठाउँ हो, पैसामा न्याय बिक्री गर्ने थलो होइन। तर, हाल न्यायालयमा न्याय पैसा हेरेर, पार्टी हेरेर, आफन्त हेरेर वा नातागोताको मुख हेरेर आउने गरेको आरोप छ।

न्यायाधीशहरूले आफ्नो सम्पत्ति न्यायिक परिषद्मा बुझाउने व्यवस्था भए पनि त्यो गोप्य राखिन्छ। पूर्वन्यायाधीश ईश्वरप्रसाद खतिवडाले आफ्नो सम्पत्ति सार्वजनिकरूपमा मिडियामार्फत सार्वजनिक गरे पनि आयोगलाई भने बुझाउन अस्वीकार गरेका छन्। यसले एउटा विडम्बना सिर्जना गरेको छ- न्यायाधीशहरूले जनताको अधिकारको रक्षा गर्ने कुरा गर्छन् तर आफ्नो सम्पत्तिको पारदर्शिता भने स्वीकार गर्न चाहँदैनन्। आम जनताको घरजग्गा, बैंक खाता र व्यापारिक कारोबार खुला राख्नुपर्ने तर न्यायाधीशको सम्पत्ति गोप्य राख्नुले वर्गीय न्यायको परिपाटीलाई पुष्टि गर्छ, जसले संविधानको मूल भावनालाई नै चुनौती दिन्छ।

सरकारले आर्थिक अनियमितता र भ्रष्टाचारको अनुसन्धान गर्न सम्पत्ति छानबिन आयोग गठन गरेको थियो, तर सर्वोच्च अदालतको अन्तरिम आदेशले न्यायाधीश र सेनाको सम्पत्ति छानबिनमा रोक लगाएको छ। अदालतको यो आदेशपछि सम्पत्ति छानबिन आयोगले पूर्वन्यायाधीश, पूर्वसैनिक अधिकारी र संवैधानिक निकायका पूर्वपदाधिकारीबाहेक अन्य सबैको सम्पत्ति विवरण संकलन कार्य जारी राख्ने निर्णय गरेको थियो। तर, सर्वोच्च अदालतको अर्को आदेशले सबै क्रियाकलाप नै रोक्नुपर्ने व्यवस्था गरेको छ।

संविधानको धारा २३९ को व्यवस्थाअनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पदासीन न्यायाधीश र नेपाली सेनाका सदस्यहरूको सम्पत्ति छानबिन गर्ने अधिकार छैन, तर महाअभियोग वा न्यायिक परिषद्को निर्णयबाट पदच्युत भएकाहरू भने यस दायरामा आउँछन्। यस रोकले न्यायाधीश र सेना भ्रष्टाचारको दायराभन्दा मुक्त छन् भन्ने सन्देश दिँदैन, बरू उनीहरूले छानबिनको सामना गर्न नचाहेको संकेत गर्छ। यदि न्यायाधीश र सेना साँच्चै निष्पक्ष र इमानदार छन् भने उनीहरूलाई सम्पत्ति छानबिनको सामना गर्न कुनै आपत्ति हुनु हुँदैन।

अदालतको यो रोकले उनीहरूको इमानदारितामाथि नै प्रश्न चिह्न लगाएको छ- के यो रोक उनीहरूको अपराधबोधको परिणाम हो ? के यसले भ्रष्टाचारलाई आश्रय दिइरहेको छ ? न्यायपालिकालाई संरक्षण दिनु आवश्यक छ, तर त्यो संरक्षण पारदर्शिता र जवाफदेहिताको बलिदानमा हुनु हुँदैन। सरकार र न्यायपालिकाबीचको यो तनावले न्यायिक स्वतन्त्रता र जनअपेक्षाबीचको द्वन्द्वलाई उजागर गर्छ, र यसको समाधानका लागि न्यायिक पारदर्शिताको पक्षमा सोच्नु आवश्यक छ।

यसैबीच, पूर्वन्यायाधीश फोरमले पनि सम्पत्ति विवरण नबुझाउने घोषणा गरेको छ, र अधिवक्ता प्रेमराज सिलवालले अदालतको आदेशको अपव्याख्या गरेको भन्दै अवहेलनाको मुद्दा दायर गरेका छन्। आयोगले अदालतको आदेशको आफ्नै ढंगले व्याख्या गर्दै न्यायाधीश र सैनिक अधिकारीबाहेक अन्यको सम्पत्ति विवरण संकलन कार्य जारी राख्ने सूचना जारी गरेपछि थप विवाद सिर्जना भएको हो। यस विवादको मूल संवैधानिक प्रश्न हो- संविधानको धारा २३९ ले भ्रष्टाचार अनुसन्धानको जिम्मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई दिएको छ, तर सरकारले गठन गरेको सम्पत्ति छानबिन आयोगले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका पदाधिकारीहरूको एकैसाथ अनुसन्धान गर्ने अधिकार पाएको थियो, जसले कार्यपालिकाले अन्य संवैधानिक अंगहरूलाई नियन्त्रण गर्ने बाटो खोलेको भन्दै विपक्षीहरूले आपत्ति जनाएका थिए।

नेपाली सेनाका सदस्यहरूले आफ्नो पदीय हैसियतको दुरूपयोग गरेर व्यक्तिगत लाभ लिने गरेको गम्भीर आरोप सार्वजनिकरूपमा उठेको छ। बहालवाला सिपाहीहरूलाई आफ्नो र ससुराको घरमासमेत घरायसी कामका लागि राख्ने गरिएको छ, जहाँ उनीहरूले खाना पकाउने, तरकारी काट्ने, छोराछोरी र नातिनातिनालाई स्कूल पुऱ्याउने-ल्याउने, लुगा धुने, सुकाउने उठाउने, सरसफाइको काम गर्नेजस्ता काम गर्न बाध्य पारिएको छ। यो खुलेआम भ्रष्टाचार हो र कानुनको धज्जी उडाउने काम हो, जसको निगरानी अत्यन्तै आवश्यक छ। नेपाली सेना संविधानले राष्ट्रको सुरक्षाको जिम्मा दिएको संस्था हो, तर यदि यसकै सदस्यहरूले आफ्नो पदको दुरूपयोग गरेर व्यक्तिगत लाभ लिन थाले भने त्यसले राष्ट्रिय सुरक्षामा नै गम्भीर प्रश्न उठाउँछ।

घरायसी कामका लागि सिपाहीहरूको प्रयोग गर्नु न केवल मानवअधिकारको हनन हो, यो सेनाको अनुशासन र मर्यादालाई पनि ध्वस्त पार्ने काम हो। जब सेनाका सिपाहीहरू बाहालवाला र तिनका ससुराको घरमासमेत घरायसी कामदारको रूपमा प्रयोग हुन्छन्, त्यसले सेनाको गरिमालाई नै ठेस पुऱ्याउँछ। यदि न्यायाधीश र सेनाको विलासी जीवनशैली छानबिनबाट मुक्त रह्यो भने त्यसले भ्रष्टाचारलाई वैधानिकता दिने छ र न्यायिक प्रणालीको विश्वसनीयता सधैंका लागि धराशायी बनाउने छ।

न्यायाधीश र उच्च सैनिक अधिकारीहरूमाथि प्रश्न उठ्छ- यति विलासी जीवनयापन गर्ने पैसा कहाँबाट आयो ? न्यायाधीशको तलब के हो, र त्यसले यस्तो आरामदायी जीवन बाँच्न पुग्छ ? सरकारी तलबले महँगा विलासी वस्तुहरूको खरिद र काठमाडौंजस्तो महँगो सहरमा घरजग्गा जम्मा गर्न सम्भव देखिँदैन। जब सर्वसाधारणको आम्दानी र खर्चको छानबिन हुन्छ, तर न्यायाधीश र उच्च सैनिक अधिकारीहरूको विलासी जीवनशैली छानबिनबाट मुक्त हुन्छ, त्यसले भ्रष्टाचारलाई प्रोत्साहनमात्र गर्छ, न्यायप्रति जनताको विश्वास पनि गुमाउँछ।

न्यायाधीश र सेना यस दायराबाट बाहिर रहँदा सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानको औचित्य नै प्रश्नमा पर्छ। न्यायपालिकामा आफैं पारदर्शी नहुँदासम्म जनताले न्याय पाउने विश्वास गर्न सक्दैन। यदि न्यायाधीश र सेनाको विलासी जीवनशैली छानबिनबाट मुक्त रह्यो भने, त्यसले भ्रष्टाचारलाई वैधानिकता दिने छ र न्यायिक प्रणालीको विश्वसनीयता सधैंका लागि धराशायी बनाउने छ।

नेपालको न्यायपालिका संकटमा छ। यो संकट बाहिरी दबाबको होइन, आन्तरिक कमजोरीको हो। न्यायाधीश र सेनाको सम्पत्ति छानबिनमा अदालतले लगाएको रोकले पारदर्शिता र जवाफदेहितामाथि गम्भीर प्रश्न उठाएको छ। जबसम्म न्यायाधीशहरू आफैं पारदर्शी हुँदैनन्, तबसम्म न्यायप्रति जनताको विश्वास पुनर्स्थापित हुँदैन। सरकारले यस विषयलाई गम्भीरताका साथ अघि बढाउनुपर्छ, किनभने न्यायपालिकाको विश्वसनीयता नै लोकतन्त्रको आधारशिला हो। र, त्यो विश्वसनीयता पारदर्शितालेमात्र जोगाउन सक्छ। सर्वोच्च अदालतको पूर्ण इजलासले अब यो संवैधानिक प्रश्नको अन्तिम टुंगो लगाउने छ। जनताको पैसामा न्याय खोज्ने अधिकार सबैलाई सुनिश्चित गर्नु नै अदालतको चिरस्थायी कर्तव्य हो।




✍ बैकुण्ठ भण्डारी



# एक्लो बाल लेन !

शक्ति र सत्ता भएर पनि एक्लो ! हुनै सक्दैन। भर्खरै जन्मिएकी छोरी र श्रीमती छन्। आफूलाई चाहिएकाजति सल्लाहकार छन्। जे गरे पनि, जे बोले पनि मुटु चोरेर लग्यौं भन्ने प्रशंसक छन्।

तर पनि प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन'ले स्टाटस लेखे, 'कहिलेकाहीँ एक्लै लड्नुपर्छ, यो पहिलोचोटि होइन।'

नेपालको राजनीति यति सजिलो भएको भए त्यो स्टाटस पढेर सबैले धैर्य गर्थे। तर यहाँ एउटा नेताले 'म एक्लो छु' भन्यो भने त्यसको अर्थ बुझ्न निकै कठिन हुन्छ। त्यसमाथि पनि प्रधानमन्त्रीजस्तो शक्तिशाली मानिसले एक्लै हिँड्ने कुरा गरेपछि अवस्था के पो भएको होला ? अर्धांगिनीले त पक्कै साथ दिनुपर्ने ! दिनन् कि कसो ? त्यसो भए पनि नआत्तिनु, त्यो त परालको आगो हो निभिहाल्छ। जे होस् उनका वरिपरि धेरै मानिस भए पनि मानसिकरूपमा एक्लो महसुस गरे छन्।

उनी साधारण मान्छे होइनन्। युवा पुस्ताले रुचाएका नेता। पुरानो राजनीतिक शैलीलाई चुनौती दिने अनुहार। सामाजिक सञ्जालमा एउटा शब्द लेख्दा बहस चल्ने। त्यही लेखाइलाई नै आफूलाई ठूलो सञ्चारमाध्यम भन्नेहरूले ठूलै समाचार बनाउने। भर्खरै भेटेर आएजस्तै गरी लेख्ने ! एउटा भिडियो आएपछि समर्थक र विरोधी दुवै सक्रिय हुने।

त्यसो भए प्रश्न उठ्छ- यत्रो शक्तिशाली, लोकप्रिय र चर्चित मान्छे कसरी एक्लो भए ?

मटचाङ्ग्रो यही प्रश्नले रातभरि सुत्नै सकेन। विचरा ! बालेन दाइ, हाइहाइ भन्दै हिँडेको मान्छे। आफ्ना दाइ एक्लो भएँ भनेर राति स्टाटस लेखेपछि किन निद्रा लाग्थ्यो र ? हुन त दाजुले कहिल्यै भेटेका पनि होइनन्। उनी भेट्ने मान्छे पनि होइनन्। तर पनि उसको त्यो रात उसको दाइभन्दा पनि छटपटी भएर बिहानै साथी बैरीलाई भेट्न पुग्यो। र, भन्यो, 'बैरी ! बालेन त एक्लो भएछन् त !'

मटचाङ्ग्रोको शब्द खस्न नपाउँदै बैरीले भन्यो, 'किन बूढीले छाडिछ ?' मटचाङ्ग्रो बोल्नै सकेन। केहीबेर चुप लाग्यो।

बैरीले भन्यो, 'राजनीतिमा वरिपरि दुई किसिमका मान्छे हुन्छन्। एउटा विचारमा विश्वास गर्ने, अर्को कुर्सीमा विश्वास गर्ने।'

शक्तिशाली मान्छेको वरिपरि सत्य बोल्ने मानिसभन्दा प्रशंसा गर्ने मानिस बढ्दै गए भने त्यो शक्ति विस्तारै आफ्नै प्रतिध्वनिमा फस्छ। नेताले जे बोल्यो, सही। जे गऱ्यो, सही। जे सोच्यो, दूरदर्शी। अनि कसैले प्रश्न गऱ्यो भने, विरोधी !

हिजो शाही शासनकालमा पनि दरबार वरिपरि 'सबै ठीक छ' भन्नेहरूको कमी थिएन। राजा रिसाउलान् भनेर वास्तविकता लुकाउने, जनताको असन्तुष्टि कम देखाउने, विरोधलाई षडयन्त्र बताउने र आफ्नो स्वार्थअनुसार सूचना पुऱ्याउने संस्कार थियो। आज राजतन्त्र छैन। गणतन्त्र छ। तर छोटेराजाहरू टोलटोलमा छन् नि, त्यही भएर एक्लो महसुस गरेका होलान् ! मटचाङ्ग्रोको काम सुन्नेमात्र हुनेजस्तो भयो।

बैरीले थप्दै गयो, 'कुरा सुन। अब दरबार ठूलो भवनमामात्र हुँदैन। कहिलेकाहीँ पार्टी कार्यालय दरबार हुन्छ, कहिलेकाहीँ मन्त्रालय दरबार हुन्छ, कहिलेकाहीँ मेयरको कार्यालय दरबार हुन्छ, कहिलेकाहीँ त सामाजिक सञ्जालको टाइमलाइन नै दरबार बन्छ। अनि हरेक दरबारमा केही दरबारीय हुन्छन्। दरबारीयको काम सरल छ। राजालाई कहिल्यै गलत नदेखाउनु।'

मटचाङ्ग्रोले भन्यो, 'त्यसो भए बालेनको वरिपरि पनि त्यस्तै स्यालहरू छन् होला ?'

बैरीले उत्तर दियो, 'त्यो त उनका नाममा गरेका कामले नै प्रमाणित गर्छ नि। राजनीतिमा सत्ताको वरिपरि स्याल नभएको ठाउँ खोज्न गाह्रो छ साथी। स्यालको एउटा विशेषता हुन्छ। ऊ एक्लै कम हिँड्छ, समूहमा बढी हिँड्छ। तर समूहमा हिँड्दा पनि आफ्नो स्वार्थको हिसाब भने आफैं गर्छ। उ बेला र अहिलेका राजनीतिका स्यालहरू उस्तै हुन्।'

'खै के, खै के ! मैले त कुरै बुझिनँ। चुपचाप घण्टी छाप, बालेन आए सबै टाप भन्ठानेको !,' मटचाङ्ग्रोले थप्यो।

बैरी हाँस्यो र भन्यो, 'सत्ता आयो भने नजिक। सत्ता गयो भने टाढा। टिकटको सम्भावना भयो भने आफ्नै। मन्त्री बन्ने सम्भावना भयो भने अझ आफ्नै। ठेक्काको कुरा आयो भने परिवारकै। यस्तो पो हुन्छ त।' हिजो जसलाई गाली गरिएको थियो, आज उसैसँग हात मिलाउन सकिन्छ। हिजो भ्रष्ट भनिएको व्यक्ति आज सहयात्री बन्न सक्छ। हिजो असम्भव भनिएको सम्झौता आज राष्ट्रिय आवश्यकता बन्न सक्छ। यसलाई भनिन्छ राजनीति।

जनताले यसलाई अवसरवाद भन्छन्। नेताले यसलाई परिस्थितिजन्य निर्णय भन्छन्। शब्दको खेल यति राम्रो छ कि गल्ती पनि सिद्धान्तजस्तो सुनिन्छ। बालेनले भनेको पनि त्यस्तै हो बुझिस् !

मटचाङ्ग्रो ट्वाँ पऱ्यो। 'सायद यो केवल भावनात्मक अभिव्यक्ति हो। वरिपरिका मानिसप्रति असन्तुष्टि होला। आफूले विश्वास गरेका मानिसबाट धोका पाएको अनुभूति पनि हुन सक्छ। अथवा शक्तिको केन्द्रमा पुगेपछि राजनीतिक एक्लोपन होला कि के हो ?,' उसले फेरि सोध्यो।

बैरीले सम्झाउने प्रयास गर्दै भन्यो, 'लोकप्रियता र साथ फरक कुरा हुन्। सामाजिक सञ्जालमा हजारौं कमेन्ट आउँछ तर संकटमा को आउँछ ? फेसबुकमा 'सपोर्ट बालेन' लेख्नु सजिलो छ। तर कुनै कठिन निर्णयको जिम्मेवारी लिनु कठिन छ। ताली बजाउनु सजिलो छ। आलोचना सहनु कठिन। प्रशंसा गर्नु सजिलो छ। सत्य बोल्नु कठिन। त्यसैले कहिलेकाहीँ नेता हजारौं मानिसको बीचमा बसेर पनि एक्लो हुन्छ। सायद उनलाई त्यस्तै भयो।'

मटचाङ्ग्रोले सोध्यो, 'तर सत्ता वरिपरि झुमेर नियुक्ति खाने खरानी ग्याङ त टन्नै भए त ?' बैरीले हाँस्दै भन्यो, 'हो त। सत्ता भनेको फूल हो। फूलको रस चुसिरहन माहुरी झुम्मिएजसरी झुम्छन् ! जब कुनै नेता लोकप्रिय हुन्छ, उ नै सर्वेसर्वा हो भनेर आउँछन्। पुराना सबै छाड्छन्। राजनीतिक मौसम बदलिएपछि ती फेरि अन्तै पुग्छन्। अहिले सबै उनै एक्लो भएका जस्तै।'

'त्यसैले बालेनले साँच्चिकै एक्लोपन महसुस गरेका हुन् भने त्यो असम्भव कुरा होइन। तर एक्लोपनको उपचार सबैलाई हटाउनु होइन। कसलाई नजिक राख्ने र कसलाई टाढा राख्ने भन्ने छुट्याउनु हो। नेतालाई सबैभन्दा बढी चाहिने मानिस त्यो होइन जसले हरेक कुरामा ताली बजाउँछ। सबैभन्दा बढी चाहिने मानिस त्यो हो जसले गलत निर्णयमा 'गलत' भन्न सक्छ। तर के गर्नु पुरानालाई जस्तै नयाँलाई पनि तालीमात्र चाहिने भो।'

मटचांग्रोले फेरि भन्यो, 'अनि जनता ?'

राजनीतिमा नेता एक्लो भए पनि जनता एक्लो हुँदैनन्। जनताको करले सरकार चल्छ। जनताको मतले नेता आउँछन्। जनताको प्रश्नले सरकारको हिसाब माग्छ। त्यसैले 'म एक्लै लड्छु' भन्ने भावना व्यक्तिगतरूपमा साहसपूर्ण भए पनि लोकतन्त्रमा नेता पूर्णतः एक्लो हुन सक्दैन।

उसको माथि संविधान हुन्छ। उसको अगाडि जनता हुन्छन्। उसको छेउमा संस्था हुन्छन्। उसको निर्णयमाथि प्रश्न गर्ने अधिकार नागरिकसँग हुन्छ। एक्लै हिँड्नु व्यक्तिगत यात्रा हुन सक्छ। तर राज्य सञ्चालन सामूहिक जिम्मेवारी भएकाले एक्लै हिँड्न खोज्दा धोका हुन्छ। भएको त्यही हो।

बैरीले बुझाउन खोज्यो।

मटचाङ्ग्रो सोध्यो, 'अब बालेनलाई के भन्नुपर्छ ?' बैरीले भन्यो, 'धैर्य गर्नू। उनले धैर्य गर भनेका छन्। स्वार्थी समूह वरपर टन्नै छन्। वरिपरि हेर्नू। ताली बजाउने को हो, सल्लाह दिने को हो, स्वार्थ खोज्ने को हो, सत्य बोल्ने को हो चिन्नू।'

मटचाङ्ग्रोले टाउको हल्लायो। अनि सोध्यो, 'अनि यदि सबै स्याल नै भेटिए ?'

बैरीले हाँस्दै भन्यो, 'त्यसो भए स्यालको बीचमा सिंह बनेर बस्नुभन्दा पहिले आफ्नो ऐना हेर्नू। कतै सिंहको दरबारमा स्याल जन्माउने वातावरण त बनेको छैन ? सिंह नै नभएको ठाउँको नाम सिंहदबार किन भनेर प्रश्न गरेजस्तै हो।'

यो प्रश्न गम्भीर थियो। प्रश्न गर्नेलाई दुश्मन ठान्ने नेता वरिपरि स्वार्थी बढाउँछ। सबै निर्णय आफूले मात्र गर्ने नेता वरिपरि 'हो' भन्नेहरूको भीड बनाउँछ। अनि एक दिन त्यही नेता मध्यरातमा लेख्छ, धैर्य गर, एक्लो लड्छु।

सत्तामा पद हुन्छ, मित्रता हुँदैन। दरबारमा प्रशंसा हुन्छ, सत्य हुँदैन। राजनीतिमा नारा हुन्छ, आत्मा हुँदैन। त्यसैले बैरीले भन्यो, 'चिन्ता नगर्नू। हिजो पनि तपाईं एक्लै हुनुहुन्थ्यो। बीचमामात्र माहुरीहरू झुम्मिएका हुन्। आज वरिपरि भीड छ। भोलि फेरि एक्लै हुन सकिन्छ।'

'बा' को 'लेन' समातिसकेका छौं। सत्ताको वरिपरि नेपोबेबीहरूलाई सम्हाल्न दिइसकेका छौं। अब जे हुन्छ, ठीकै हुन्छ। गीतामा भनिएको छ नि, हिजो जे थियो, ठीकै थियो। आज जे छ, ठीकै छ। भोलि जे हुने छ, त्यो पनि ठीकै होला। तिमी एक्लो भए तिम्रा कर्मले हुन्छ। कर्मअनुसारको फल प्राप्त हुन्छ।

बैरीको कुरा सुनेर मटचाङ्ग्रो ट्वाँ !



**दूध र बेलपत्र चढाउादै भक्तजन** | साउनको अन्तिम सोमबार पवित्र तीर्थस्थल देवघाटस्थित त्रिशूली र कालीगण्डकी नदीको बेणीसंगममा रहेको शिवलिंगमा दूध र बेलपत्र चढाउँदै भक्तजन । *तस्बिर: रासस*

# गिद्ध संरक्षणसँगै जैविक विविधता जोगाउन विद्यार्थीको सक्रियता

**कास्की–** पोखराको पृथ्वीनारायण क्याम्पसका प्राणीशास्त्र तथा वनस्पतिशास्त्र विभागका विद्यार्थी गिद्ध संरक्षणसँगै जैविक विविधता र वातावरण संरक्षणका विविध गतिविधिमा सक्रिय भएका छन् ।

कास्कीको माछापुच्छ्रे गाउँपालिका-३ घाचोकस्थित जटायु संरक्षण तथा गाई संरक्षण केन्द्रमा पुगेर आइतबार विद्यार्थीले गिद्धको आहार व्यवस्थापन (फिडिङ) प्रत्यक्ष अवलोकन गर्नुका साथै संरक्षण क्षेत्रमा सरसफाइ र वातावरणीय व्यवस्थापनका विभिन्न गतिविधिमा स्वयंसेवकका रूपमा सहभागिता जनाएका हुन् ।

पृथ्वीनारायण क्याम्सका ४० विद्यार्थी, स्थानीयवासी तथा संरक्षणकर्मीको सहभागितामा गिद्ध संरक्षण, जैविक विविधता संरक्षण र वातावरणीय सचेतनासम्बन्धी कार्यक्रम गरिएको हो । कार्यक्रममा विद्यार्थीले मरेका जनावरका हड्डी संकलन तथा व्यवस्थापन, झाडी सफाइ, वनस्पतिको पहिचानका लागि 'नेम प्लेट' राख्ने तथा संरक्षण क्षेत्रको वातावरणीय व्यवस्थापनलगायतका काममा प्रत्यक्ष सहभागिता जनाए ।



विद्यार्थीलाई कक्षाकोठामा प्राप्त सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्दै प्रत्यक्षरूपमा संरक्षणका गतिविधिमा सहभागी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा गिद्ध संरक्षणको महत्त्व, वनस्पति संरक्षण, जैविक विविधता र वातावरण संरक्षणका विषयमा विज्ञ तथा संरक्षण क्षेत्रमा क्रियाशील व्यक्तिले विद्यार्थीलाई आवश्यक जानकारी दिएका थिए ।

बोटानिकल स्टुडेन्ट्स सोसाइटी पृथ्वीनारायण क्याम्पसकी अध्यक्ष कविता त्रिपाठीले एक दिनको स्वयंसेवी कार्यक्रम नयाँ, रमाइलो र सिकाइपूर्ण बनेको बताइन् । 'गिद्धलाई नजिकबाट अवलोकन गर्दै यसको संरक्षण, वातावरणमा यसको भूमिका र जैविक विविधता जोगाउन यसको महत्त्वबारे बुझ्न पाउनु विशेष अनुभव रह्यो,' उनले भनिन् ।

त्रिपाठीका अनुसार कार्यक्रममा विद्यार्थीले विभिन्न वनस्पतिलाई प्रत्यक्षरूपमा फिल्डमा अवलोकन गरी पहिचान गर्नुका साथै वनस्पतिको वैज्ञानिक तथा स्थानीय नामसहित 'ट्याागिङ' र अभिलेखीकरण गरेका थिए । जटायु संरक्षण केन्द्रका सचिव मनिष पोखरेलले पुस्तकमा पढेरमात्र संरक्षणको वास्तविक महत्त्व बुझ्न नसकिने भएकाले विद्यार्थीलाई प्रत्यक्ष रूपमा प्रकृति र संरक्षणको अभ्याससँग जोड्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए ।

'प्राणीशास्त्र र वनस्पतिशास्त्रका विद्यार्थी यहाँ सहभागी हुनुभएको छ । उहाँहरूले गिद्धको फिडिङ प्रत्यक्ष रूपमा हेर्नुभयो, संरक्षण क्षेत्रमा सरसफाइ गर्नुभयो र वनस्पतिका नेम प्लेट राख्नुभयो । यस्ता व्यावहारिक गतिविधिले विद्यार्थीमा संरक्षणप्रतिको चासो र जिम्मेवारीबोध बढाउन महत्त्वपूर्ण भूमिका खेल्छ,' पोखरेलले भने ।

घाचोकमा सञ्चालित जटायु संरक्षण केन्द्रले लामो समयदेखि गिद्ध संरक्षणसँगै स्थानीय समुदायमा जैविक विविधता तथा वातावरण संरक्षणसम्बन्धी चेतना अभिवृद्धि गर्दै आएको छ । केन्द्रमा गिद्धका लागि सुरक्षित र विषरहित आहारको व्यवस्था गरी संरक्षणको प्रयास भइरहेको छ । प्राकृतिकरूपमा मरेका जनावर खाएर वातावरण सफा राख्ने भएकाले गिद्धलाई प्रकृतिको महत्त्वपूर्ण 'सफाइकर्मी'का रूपमा लिइन्छ । पारिस्थितिक प्रणाली सन्तुलन कायम राख्न पनि गिद्धको महत्त्वपूर्ण भूमिका रहेको संरक्षणकर्मी बताउँछन् । *रासस*

# आवश्यकताभन्दा बढी ग्यास सिलिण्डर भण्डारण नगर्न उपभोक्तालाई आग्रह

**सुदूरपश्चिम–** सुदूरपश्चिममा मागअनुसार खाना पकाउने ग्यास सिलिण्डरको आपूर्ति भइरहेकाले अतिरिक्त भण्डारण नगर्न आग्रह गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय कैलालीको नेतृत्वमा सोमबार धनगढीमा गरिएको बजार अनुगमनका क्रममा ग्यास थोक बिक्रेतामा नियमित आपूर्ति भइरहे पनि माग अत्यधिक बढिरहेको पाइएपछि अतिरिक्त भण्डारण नगर्न आग्रह गरिएको हो ।

सहायक प्रमुख जिल्ला अधिकारी खडानन्द खत्रीले नेपाल आयल निगम, ग्यास डिलरलगायतले मागभन्दा बढी आपूर्ति भइरहे पनि उपभोक्ताले ग्यास अभावको हल्लाका कारण अतिरिक्त भण्डारण गर्दा केही समस्या देखिएको बताए । 'अनुगमनका क्रममा जिल्लाका केही डिलरमा ग्यासको माग अत्यधिक देखियो । केही डिलरमा भने पर्याप्त मौज्दात रहेको पाइयो । विगतको तुलनामा ग्यासको आपूर्ति बढेको भए पनि बजारमा अभाव देखिनुले उपभोक्ताले आवश्यकताभन्दा बढी भण्डारण गरेको हुनसक्ने हाम्रो बुझाइ हो,' उनले भने, 'हल्लाको पछाडि लागेर अतिरिक्त सिलिण्डर थुपार्न आवश्यक छैन । बजारमा पर्याप्त ग्यास आपूर्ति भइरहेको छ ।'

नेपाल आयल निगम सुदूरपश्चिम प्रादेशिक कार्यालय प्रमुख मनोहर डिसीले विगतको तुलनामा यस वर्ष मागभन्दा बढी नै ग्यास आपूर्ति भएको बताए । सुदूरपश्चिममा मासिक करिब एक लाख सिलिण्डर ग्यास बिक्री हुने गरेकामा यस वर्ष साउनको हालसम्म एक लाख २० हजार सिलिण्डर बिक्री भइसकेको र थप ५० हजार सिलिण्डर ग्यास आउने क्रममा रहेको उनले जानकारी दिए ।

'सुदूरपश्चिममा आपूर्तिको समस्या छैन । हामीले विगत वर्षभन्दा हाल बढी नै ग्यास आपूर्ति गरिरहेका छौं । त्यसैले उपभोक्ताले हल्लाको पछि लागेर सिलिण्डर थुपार्दा समस्या भएको हो कि भन्ने छ । त्यसको पनि अध्ययन गर्दैछौं,' कार्यालय प्रमुख डिसीले भने, 'सुदूरपश्चिम क्षेत्रमा बिक्रीवितरण हुने सैपाल र रेडियन्ट ग्यासमा कुनै समस्या छैन । लुम्बिनी प्रदेशबाट आउने ग्यासमा हल्लाकै पछि लाग्दा दबाब बढेको छ । त्यो समस्या पनि अबको केही दिनमा समाधान हुन्छ ।'

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, कैलालीका सूचना अधिकारी तारामान रावलले कैलालीलगायत सुदूरपश्चिममा देखिएको ग्यास अभावको हल्ला आपूर्ति रोकिएर नभई मागमा अस्वाभाविक वृद्धिका कारणले उत्पन्न भएको बताए । उनले समस्या समाधानका लागि अनुगमनमा जोड दिइएको र उपभोक्तालाई आवश्यकताअनुसार मात्रै सिलिण्डर खरिद गर्न आग्रह गरिएको बताए । *रासस*

# हात्ती र गोही प्रजनन् केन्द्रमा निःशुल्क प्रवेश

**चितवन–** चितवन राष्ट्रिय निकुञ्जको खोरसोरस्थित हात्ती प्रजनन केन्द्र र कसरामा रहेको गोही प्रजनन केन्द्रमा पर्यटकका लागि निःशुल्क प्रवेश सुविधा प्रदान गरिने भएको छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोषले संकलन गर्दै आएको शुल्क साउन ४ गतेदेखि लागू हुनेगरी हटाएपछि आन्तरिक तथा बाहह् पर्यटकका लागि अवलोकन शुल्क हटाइएको हो । यहाँ अवलोकनमा आउने विदेशीलाई १०० रूपैयाँ, स्वदेशी पर्यटकलाई ५० रूपैयाँ र विद्यार्थीका लागि ३० रूपैयाँ प्रवेश शुल्क तोकिएको थियो ।

सौराहा आउने पर्यटक प्रजनन केन्द्र अवलोकन गर्न रुचाउने गर्दछन् । सौराहाको हात्ती प्रजनन केन्द्रबाट करिब ७० लाख रूपैयाँ र गोही प्रजनन केन्द्रबाट करिब ४० लाख रूपैयाँ प्रवेश शुल्क असुली हुने गरेको थियो ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जा पुनले निकुञ्जले शुल्क लिन नियमावलीले नदिएको र ट्रस्टमार्फत शुल्क असुल गर्दा अप्ठेरो हुन सक्ने भएकाले हालका लागि शुल्क हटाइएको जानकारी दिए । हात्ती प्रजनन केन्द्रमा पर्यटकले हात्तीको रहनसहन, स्याहारसुसारका बारेमा ज्ञान लिनाका साथै माउ र बच्चा खेलेको दृश्यमा रमाउने गर्छन् ।

प्रजनन केन्द्रका प्रमुख मनपुरन चौधरीले यहाँ दैनिक झण्डै ४०० पर्यटक अवलोकनका लागि आउने गरेको बताउँछन् । वि.सं. २०४४ मा स्थापना भएको उक्त केन्द्रमा अहिलेसम्म ६९ वटा छावा जन्मिएका छन् । भारतबाट चारवटा र थाइल्याण्डबाट एउटा गरी पाँचवटा हात्तीबाट हात्ती प्रजनन केन्द्र स्थापना गरिएको थियो ।

प्रजनन केन्द्रमा नौ वटा माउ र सात वटा छावा छन् । गोही प्रजनन केन्द्रमा करिब ५०० गोही रहेका छन् । नदीबाट अण्डा जम्मा गरेर बच्चा हुर्काउने गरिन्छ । यहाँ हुर्किएका गोहीका बच्चा नदीमा छोड्ने गरिएको छ । माउसँग खेल्दै गरेका हात्तीका छावा र पानीमा तैरिरहेका गोही हेर्न पर्यटक रुचाउने गर्छन् । *रासस*


**Fewa HR Solutions Pvt. Ltd.**
KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com
श्रम इजाजत नं. १४८५/०७४/०७५

**कुवेतमा रोजगार** कम्पनी : AL DHOW READYMADE FOOD CO.W.L.L.. सेवा शुल्क: १०,०००/-
पूर्व स्वीकृति मिति : २०८३/०४/२५ LT. No. 346280 चलानी नं. ६०२५९५२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 28 | 9 | 150 | ७३,७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Helper | 20 | 9 | 120 | ५८,९५६ | | | | | | | |
| 3. | Restaurant Crew | 10 | 6 | 120 | ५८,९५६ | | | | | | | |
| 4. | waiter/waitress | 28 | 15 | 130 | ६३,९१२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २ गते (18th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | कामदार आफैं |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



## सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

**क. निकायको स्वरुप र प्रकृति :-**
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी सञ्चालित "क" वर्गको बैंक ।

**ख. निकायको काम कर्तव्य र अधिकार :-**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिमको काम कर्तव्य र अधिकार रहेको छ ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:**
हाल कार्यरत कर्मचारी संख्या २,८५९ रहेको र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारी मार्फत भई रहेको छ । व्यवस्थापन समितिका पदाधिकारीहरुको नाम र पद यस बैंकको वेबसाइट www.laxmisunrise.com मा गई हेर्न सकिने छ ।

**घ. निकायबाट प्रदान गरिने सेवा:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम "क" वर्गको बैंकले दिन सक्ने सबै किसिमका बैंकिङ्ग सेवाहरु ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरण यस बैंकको वेबसाइट www.laxmisunrise.com मा उपलब्ध छ ।

**च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधिको विवरण यस बैंकको वेबसाइट www.laxmisunrise.com मा उपलब्ध छ ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकिङ्ग कारोवार सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने व्यवस्था मिलाईएको छ । अन्य नियमित कार्य सञ्चालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समितिलाई अन्तिम निर्णयकर्त्ताको रुपमा राखिएको छ ।

**ज. निर्णय उपर उजुर सुन्ने अधिकारी :**
ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि शाखाहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई र केन्द्रिय स्तरमा प्रमुख सञ्चालन अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको नाम ठेगाना निम्न अनुसार रहेको छ ।
मनोहर राज उप्रेती
प्रमुख सञ्चालन अधिकृत
लक्ष्मी सन्राइज बैंक लिमिटेड, लक्ष्मी कम्पलेक्स, हात्तीसार, काठमाण्डौ
पो.ब.नं. १९५९३, फोन नं. ०१-४५४४६८४/६८५, ९८६६२९८९५०

**झ. सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम "क" वर्गको बैंकले दिन सक्ने सबै किसिमका बैंकिङ्ग कारोवारहरु सम्पादन भई रहेको छ ।

**ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद :**
यस बैंकको सूचना अधिकारीको नाम र पद निम्न बमोजिम रहेको छ ।
पियूष राज अर्याल
प्रमुख वित्तीय अधिकृत
लक्ष्मी सन्राइज बैंक लिमिटेड, लक्ष्मी कम्पलेक्स, हात्तीसार, काठमाण्डौ
पो.ब.नं. १९५९३, फोन नं. ०१-४५४४६८४/६८५, ९८६६२९८९५१
साथै यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई समेत सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था मिलाइएको छ ।

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
देशमा रहेका प्रचलित सबै ऐन, नियम, विनियम वा निर्देशिकाहरु बैंकले पालन गर्नुपर्ने हुन्छ भने देहायका ऐन, नियम, विनियम वा निर्देशिकाहरु बैंकिङ्ग कारोवारका लागि प्रमुख रुपमा रहेका छन ।
१. बैंक तथा वित्तीय संस्था संम्बन्धी ऐन २०७३
२. नेपाल राष्ट्र बैंक ऐन २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८
४. कम्पनी ऐन २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन २०६४
६. सम्पति शुद्धिकरण निवारण ऐन २०६४
७. धित्तोपत्र सम्बन्धी ऐन २०६३
८. सुरक्षित कारोवार ऐन २०६३
९. विनिमय अधिकार पत्र ऐन २०३४
१०. विदेशी सञ्चालन नियमित गर्ने ऐन २०१९
११. उपरोक्त ऐनहरु बमोजिमका सम्पुर्ण नियम तथा विनियमहरु
१२. नेपाल राष्ट्र बैंकबाट जारी भएका सम्पुर्ण निर्देशिका र परिपत्रहरु

**ठ. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै यस बैंकको वेबसाइट www.laxmisunrise.com मा समेत यसको विवरण राखिएको छ ।

**ड. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :**
श्री अजय विक्रम शाह
प्रमुख कार्यकारी अधिकृत
लक्ष्मी सन्राइज बैंक लिमिटेड
प्रधान कार्यालय
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाण्डौ,
पो.ब.नं. १९५९३, फोन नं. ०१-४५४४६८४/६८५

**साथै सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।**

**क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :**
यस बैंकले सबै किसिमका बैंकिङ्ग सेवाहरु गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

**ख. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण** : www.laxmisunrise.com

ख (१) **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**
बैंकले नियमित बैंकिङ्ग व्यवसायका सम्बन्धमा नियामक प्रावधानको अधिनमा रही लिएको ऋण तथा प्राविधिक सम्झौताबाहेक अन्य कुनै वैदेशिक सहायता, ऋण अनुदान एवं प्राविधिक सहयोग सम्झौता गरेको छैन ।

ख (२) **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन** :
बैंकले नियमित बैंकिङ्ग व्यसायसँग सम्बन्धित बाहेक अन्य विशेष कार्यक्रम सञ्चालन गरेको छैन ।

ख (३) **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गर्न तोकिएको सूचना तथा सो को समयावधि :**
बैंकका ग्राहकसँग सम्बन्धित व्यक्तिगत विवरण बाहेक बैंकले सूचना वर्गीकरण वा संरक्षण गर्न तोकेको छैन ।

ख (४) **सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिइएको विषय :**
आर्थिक वर्ष २०८२/८३ मा बैंकसमक्ष सूचना माग सम्बन्धी छ वटा निवेदन प्राप्त भएकोमा चार निवेदनउपर सूचना प्रदान गरिएको छ ।

**ग. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:**
बैंकको वार्षिक आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणहरु पुस्तकको रुपमा प्रकाशित गरिएको छ । साथै बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित गरी बैंकको वेबसाइट www.laxmisunrise.com मा समेत राखिएको छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

# प्रभाव दैनिक

मंगलबार, २६ साउन २०८३ (Tuesday, 11 August 2026)


रूपशाला

### गौंथलीले कमायो १९ करोड बढी

फिल्म 'गौंथली' ले बक्स अफिसमा १९ करोड ७१ बढी व्यवसाय गर्न सफल भएको छ । चलचित्र विकास बोर्डले आइतबार राति दश बजेसम्मको व्यवसायलाई लिएर सोमबार सार्वजनिक बक्स अफिस रिपोर्टमा फिल्मको आम्दानी १९ करोड, ७१ लाख ६ हजार ५ रूपैयाँ ग्रस रहेको छ । साउन १ गतेबाट प्रदर्शनमा आएको फिल्मले अहिले पनि राम्रो दर्शक पाइरहेको छ । फिल्म गीतकार तथा स्त्रीरोग विशेषज्ञ डा. भोला रिजालका छोरा डा.कपिल रिजालले निर्देशन गरेका हुन् । फिल्ममा अरूण क्षेत्री, सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सन्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायतको अभिनय छ ।



# 'मोडल हन्ट नेपाल'को उपाधि परन्तप र लिजालाई




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मोडल हन्ट नेपाल २०२६'को उपाधि परन्तप भण्डारी र लिजा श्रेष्ठले जितेका छन् । भण्डारी मेल र श्रेष्ठ फिमेल तर्फको शिर्ष विजेता घोषित भएका हुन् । दुबै विजेताले नगद ५ लाख बराबरको पुरस्कारको अलवा आगामी डिसेम्बरमा कम्बोडियामा आयोजना हुने 'मिस एण्ड मिष्टर सेलिब्रेटी इन्टरनेशनल'मा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरेका छन् । शिर्ष विजेता भण्डारीले बेस्ट वाक, बेस्ट फिजिक्स र बेस्ट फिगर सहित तीन र श्रेष्ठले कमर्सियल मोडलको उपाधि समेत हात पारेका थिए ।

शनिबार दरबारमार्गस्थित होट याक एण्ड यतिमा अबेर साँझ एक भब्य समारोहका बिच आयोजित कार्यक्रममा मेल तर्फ प्रथम रनर अप अनुस्कृत न्यौपाने, सेकेन्ड रहन अप सुशान्त प्रजापति चुनिदा फिमेल तर्फ फष्ट रनर अप प्रियंका ओली र सेकेन्ड रनर अप खुसी बोहरा घोषित भए ।

२६ फिमेल र १६ मेल गरेर ४२ प्रतियोगी रहेको फाइनलमा मस्ट पपुलर मनिष ओली र काया थापा, मस्ट स्टाइलिस सुशील थापा मगर र काया थापा, बेस्ट पर्सनालिटी अनुष सक्सेना र उगेश्ना तिमल्सिना, बेस्ट वाक अस्निका ठकुरी, पब्लिक च्वाइस सुशान्त प्रजापति र प्रियंका ओली, मस्ट फोटो जेनिक सुशान्त प्रजापति र कृशला संगत, बेस्ट फिजिक्स र बेस्ट फिगर सिम्रन कार्की , कमर्सियल मोडल अनुस्कृत न्यौपाने, बेस्ट कन्टेन्ट क्रिएटर सृष्टि न्यौपाने बन्न सफल भए ।

नेपालकै बृहत् र स्तरीय मानिएको यो मोडलिङ प्रतियोगितामा निर्णायकहरू माल्भिका सुब्बा, प्रशान्त ताम्राकार, राजभाई सुवाल, हिमाञ्चल राज केसी, विनय जोशी, रमिला नेम्कुल, मनिष राई रहेका थिए । प्रतियोगीताको यो १० औं सिजन हो । यो सिजनको मुख्य प्रयोगक नोथिङ स्मार्ट फोन रहेकोले प्रतियोगीता 'नोथिङ स्मार्ट फोन मोडल हन्ट नेपाल २०२६' नामबाट आयोजना भएको थियो ।

प्रतियोगीहरू व्यक्तित्व विकास, शारीरिक बनावट, र्याम्प वाक, बडी ल्याङ्वेज, फोटोसुट, एक्सप्रेसन लगायतका ग्रुमिङ कक्षाको प्रशिक्षण सहित फाइनलमा उत्रिएको आयोजक नेक्स्ट मोडल्स नेपालकी कार्यकारी निर्देशक यतना पाण्डेले जानकारी दिइन् ।

मोडलिङका लागि आवश्यक अन्तराष्ट्रिय स्तरको ज्ञानसहित देश तथा विदेशका प्लेटफर्ममा सजिलै अवसर पाउन सक्ने व्यावसायिक मोडल उत्पादन गर्ने उद्देश्यले विगत १० वर्षदेखि नियमित आयोजना हुँदै आएको प्रतियोगितामा पछिल्लो समय युवायुवतीको आकर्षण समेत बढ्दो रहेको छ । प्रतियोगिताले मोडलिङ गर्न चाहनेका लागि उचित अवसर र प्लेटफर्कको सृजना गरेको आयोजक नेक्स्ट मोडल्स नेपालका अध्यक्ष रवि धमलाले बताए ।

कोरियोग्राफर सबिता कार्की, मोन्टर अजय गुरुङ रहेको प्रतियोगीताको फेसन डिजाइनर मनिष राई, कासा, मर्स्याङ्दी, सरिता अटायर, विमिन्स प्लानेट रहेका थिए । प्रतियोगीता र्‍यम्प शो, बिभिन्न सांगीतिक कार्यक्रम सहित आयोजना भएको थियो ।

# मण्डलामा 'द एज अफ डार्कनेस' को मञ्चन



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौंको थापागाउँस्थित मण्डला थिएटरमा नाटक 'द एज अफ डार्कनेस' नियमित मञ्चन भइरहेको छ । धर्मवीर भारतीको चर्चित नाटक 'अन्धा युग'लाई राजेन्द्र सलभले नेपालीमा रूपान्तरण गरेका हुन् ।

सुदीप खतिवडाको निर्देशनमा तयार भएको यो नाटक महाभारत युद्धपछि उत्पन्न सामाजिक, राजनीतिक र मानवीय संकटका साथै शून्यतामा आधारित छ । नाटकले हिंसा, सत्ता संघर्ष, प्रतिशोध र नैतिक संकटलाई प्रस्तुत गरेको निर्देशक खतिवडाले बताएका छन् ।

करिब ११ वर्षअघि यही नाटकमार्फत निर्देशक सुदीप खतिवडा अभिनय यात्रामा प्रवेश गरेका थिए । त्यतिबेला कलाकारका रूपमा प्रस्तुत भएको नाटक अहिले उनले आफैं निर्देशन गरेर मञ्चनमा ल्याएका हुन् ।

मण्डला थिएटरको प्रस्तुतिमा रहेको नाटकले युद्धपछि बाँकी रहेको हिंसा, प्रतिशोध, सत्ता, नैतिक द्वन्द्व र मानवीय जिम्मेवारीका विषयलाई उठाएको छ। यसमा युद्धले विजेता र पराजित दुवै पक्षमा पारेको प्रभाव देखाइएको छ ।

नाटकमा सबिना चौधरी, कमल रेग्मी, राजाराम गौतम, जिनलव दोर्जे वम्जन, आभुषण घिमिरे, मिलन पन्त, इन्द्र कुमार लिम्बु, जोहेब शाह, सुजित मल्ल ठकुरी, सामना राई, विजय दोङ, सौगन श्रेष्ठ, राजु श्रेष्ठ, नित्य पौडेल, विश्वजित ढकाल, मनुमित लेप्चा, घमन शाही, आरती बरुवाल, सुनिता राई, कुमार लामा, सुरेन्द्र बिश्वकर्मा, सुजाता राई, अविशेक खतिवडा, सम्पदा लकान्द्रि र सुजल कोइरालाले अभिनय गरिरहेका छन् ।

सौरभ चालिसे, सलिना बिक, जीवन राई र कुमार लामाले संगीत भरेको यो नाटक साउन २२ गतेबाट सुरु भई आगामी भदौ १४ गतेसम्म मञ्चन हुनेछ ।

रंगशाला

# सन्दीप बने नेपाली राष्ट्रिय क्रिकेट एकदिवसीय टोलीको कप्तान

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान)ले स्पिनर सन्दीप लामिछानेलाई नेपाली राष्ट्रिय एकदिवसीय क्रिकेट टोलीको नयाँ कप्तान नियुक्त गरेको छ ।

आगामी अगस्ट ३० देखि मलेसियामा सुरु हुने एसीसी प्रिमियर कपदेखि लागू हुने गरी क्यानले सन्दीपलाई टोलीको नेतृत्वको जिम्मेवारी दिएको हो ।

क्यानले सन्दीपको कप्तानीमा १४ सदस्यीय टोलीसमेत घोषणा गरेको छ । टोलीमा कप्तान सन्दीप लामिछानेसँगै आसिफ शेख, अर्जुन कुमाल, रोहित पौडेल, देव खनाल, दीपेन्द्रसिंह ऐरी, सन्दीप जोरा, बसिर अहमद, ईशान पाण्डे, गुलशन झा, शेर मल्ल, ललित राजवंशी, करण केसी र हेमन्त धामी छन् ।

एसीसी प्रिमियर कपबाट सन्दीपले पहिलोपटक नेपाली एकदिवसीय टोलीको नियमित कप्तानी सम्हाल्नेछन् ।

राष्ट्रिय टोलीमा कप्तानका रूपमा सन्दीपको यो दोस्रो स्पेल हो । यसअघि डिसेम्बर २०२१ मा उनी पहिलोपटक कप्तानी जिम्मेवारी पाएका थिए । तर, एक वर्ष पनि बित्न नपाउँदै उनलाई जिम्मेवारीबाट हटाइएको थियो ।

कानुनी झमेलामा परेपछि क्यानले सन्दीपलाई कारण सेप्टेम्बर २०२२ मा जिम्मेवारीबाट हटाएको थियो ।

# एसियाली आइटिएफमा शेखरलाई कास्य पदक

**काठमाडौं (प्रस)–** नेपालका शेखर थापाले ११औं एसियाली आइटीएफ तेक्वान्दो च्याम्पियनसिपमा कास्य जितेका छन् । मंगोलियाको उलानबटारमा भएको प्रतियोगितामा शेखरले 'ब्ल्याक वेल्ट थर्ड डान प्याटर्न' मा कास्यपदक जितेका हुन् ।

नेपाल अन्तरराष्ट्रिय तेक्वान्दो महासंघ (आइटीएफ) का महासचिव घमबहादुर थापाले शेखरसँगै मंगोलियाका दोर्जपालाम अयुर्जानान पनि तेस्रो भएका जानकारी दिए । उनका अनुसार मलेसियाका चीन लुङ काङले स्वर्ण र फिलिपिन्सका अमाइज क्रिस्टर लुले रजत पदक जितेका छन् ।

शेखरले स्पाइरिङतर्फ पुरुष ६५-७० किलोतौल समूहमा पनि प्रतिस्पर्धा गरेका थिए । यो स्पर्धामा उनले पदक जितेनन् । शेखर दक्षिण एसियाली आइटीएफ तेक्वान्दो च्याम्पियनसिपका पदक विजेता हुन् । उनले पहिलो संस्करणको 'प्याटर्न' र दोस्रो संस्करणको 'स्पाइरिङ' मा रजत जितेका थिए । उनले तेस्रो इन्डो-नेपाल आइटीएफ तेक्वान्दोको स्पाइरिङमा स्वर्ण हात पारेका थिए । तेस्रो जनरल चोइ स्मृति राष्ट्रिय आइटीएफ तेक्वान्दो प्रतियोगिताको प्याटर्नमा शेखरले पहिलो स्थान हात पारेका थिए ।

महासचिव थापासहित उक्त प्रतियोगितामा आइटीएफका अध्यक्ष प्रवीणकुमार कार्कीले अम्पायरको भूमिका निर्वाह गरेका थिए । दोस्रोपटक एसियाली आइटीएफ तेक्वान्दो प्रतियोगितामा अम्पायरको भूमिका निर्वाह गरेका अध्यक्ष कार्कीले आइएमजिसी विश्व च्याम्पियनसिप र दक्षिण एसियाली आइटीएफमा पनि अम्पायरको भूमिका निभाएका छन् ।


## शेयरहोल्डर नरहेको सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस All Skills International Human Resource Pvt.ltd. **(श्रम इजाजत पत्र नं. ९५७/०६७/०६८)** मा **देभीलाल विश्वकर्मा, (तनहु) र कृष्ण खतिवडा (मकवानपुर)** शेयर होल्डर नभएको साथै निजसँग यस प्रा.लि. को हैसियतमा कुनै पनि किसिमको कारोबार नगर्न/नगराउनु हुन तथा यदि सो गरे गरा प्रा.लि. जिम्मेवार नहुने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ । यसब कुनै दाबी विरोध भएमा यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौंमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सम्पर्क गर्नुहन अनुरोध गरिन्छ ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, (Shiva Subedi) +977 986-9422479
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## प्रोफेसनल इन्जिनियर्स नेटवर्क इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदाबी गर्न आउने बारे ३५ दिने सूचना

*प्रकाशित मिति २०८३/०४/२६ गते, मंगलबार*

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/१२/०५ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको प्रोफेसनल इन्जिनियर्स नेटवर्क इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.(प्रा.लि.नं.१८५९३३/०७४/०७५) लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी एन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०४/२३ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस लिक्वीडेटरको कार्यालय प्यूरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर**
**सन्तोष राना मगर (ईजाजत नं.१६५)**
**मो.नं.९८४१५२७४२२, ९८१३२४४६५५**

## कर्मचारी नरहेको सम्बन्धी सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Trust Nepal Overseas (P).Ltd.** (इजाजत नम्बर:२५९/५८/०५९) मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्नु/नगराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै निहरूसँग सम्बन्धित कुनै पनि बैदेशिक रोजगार सम्बन्धी कारोबार वा लेनवदेनबाट यस प्रा.लि. जिम्मेवार हुने छैन । यदि कसैको कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि.वा सम्बन्धित वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| क्र.सं. | नाम | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| १ | भोजराज कार्की | कुदाककाउली-०३, भोजपुर | २९४३।२५४ |
| २ | घनश्यम गुरुङ्ग | जुबु-०१, सोलुखुम्बु | ८९५५।३२५४ |
| ३ | सुनिता श्रेष्ठ | कागेश्वरी मनहरा काठमाडौं | ९०७९।६१८ |
| ४ | बिजय केसी | तलाखु-०४, नुवाकोट | २५०३६९।१७९ |
| ५ | निता मानन्धर | का.म.न.पा.-०७, चावहिल काठमाडौं | ३७१९१ |
| ६ | श्याम कुमार सुन्दास | बुढानिलकण्ठ न.पा-१०, काठमाडौं | ७३७ |
| ७ | सिर्जना दुलाल | तलाखु-०४, नुवाकोट | २५।०१।०९।०५८३६ |
| ८ | एलिना न्यौपाने | धनकुटा-१०, धनकुटा | २७९ |
| ९ | छविन्द्र न्यौपाने | गौरादह-०३, झापा | ०४३०४०।४६३ |
| १० | शर्मिला रेग्मी | नेपालगन्ज न.पा-०१, बाँके | ७४४६ |
| ११ | कृष्ण बहादुर गुरुङ्ग | ताकुकोट-०७, गोरखा | १०९६।२०३७७ |
| १२ | सुधा परियार | सल्यान | ५५१०२४।९७२ |

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.
Trust Nepal Overseas Pvt. Ltd.
Hotline No. 9802021361

## मलेसियामा रोजगार

कम्पनी : PASARAYA HWA THAI SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२५ | LT. No. 337135 | चलानी नं. ६०२५०६८९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Workers | 4 | 0 | 1700 | ६३,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २ गते (18th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ICONIC HR CONSULTANT PVT LTD
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Official Mobile no: 9816572430, Satish Bk 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082

## साउदीमा रोजगार

कम्पनी : HARDOX INTERNATIONAL ARABIA LIMITED, A ONE-PERSON COMPANY — शेवा शुल्क: निःशुल्क

पूर्व स्वीकृति मिति : २०८३/०४/१९ | LT. No. 346056 | चलानी नं.६०२५९५४०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ४०,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FAHAD SAEED ALI AL SHURAIM TRANSPORTATION ESTABLISHMENT — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०४/२५ | LT. No. 346287 | चलानी नं.६०२५९५३९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ७३,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २ गते (18th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780, Shiva Bahadur Kunwar 9802002020
Email : shivamintl9@gmail.com, Web: www.shivamintlmanpower.com.np
Gov Lic.No. 1570/079/80

## कतारमा रोजगार

कम्पनी : SAMBHA CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८२/०६/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२५ | LT. No. 332521 | चलानी नं. ६०२५९५५८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Cashier | 0 | 2 | 1500 | ६२,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CASHIER | 1 | 0 | 1500 | ६२,७१० | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1700 | ७१,०७० | | | | | | | |
| 4 | Dry Clean Worker | 0 | 8 | 1100 | ४५,९८५ | | | | | | | |
| 5 | Foreman | 3 | 0 | 2500 | १०५,५१५ | | | | | | | |
| 6 | Helper | 2 | 0 | 1000 | ४१,८०५ | | | | | | | |
| 7 | Labour | 12 | 0 | 1000 | ४१,८०५ | | | | | | | |
| 8 | Masion | 1 | 0 | 1200 | ५०,१७० | | | | | | | |
| 9 | Mason. | 2 | 0 | 1200 | ५०,१७० | | | | | | | |
| 10 | Office Cleaner | 2 | 2 | 1000 | ४१,८०५ | | | | | | | |
| 11 | Receptionist | 0 | 1 | 1000 | ४१,८०५ | | | | | | | |
| 12 | REPRESENTATIVE | 2 | 0 | 2500 | १०५,५१५ | | | | | | | |
| 13 | Sales Superviser | 1 | 0 | 3500 | १४६,३२५ | | | | | | | |
| 14 | Sales Supervisor | 2 | 0 | 3500 | १४६,३२५ | | | | | | | |

कम्पनी : SAMBHA CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२५ | LT. No. 341569 | चलानी नं. ६०२५५३५०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Cashier | 0 | 3 | 1500 | ६२,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 3 | 1 | 1000 | ४१,८०५ | | | | | | | |
| 3 | CLEANER PUBLIC | 8 | 7 | 1300 | ५४,३५० | | | | | | | |
| 4 | Driver | 7 | 0 | 1700 | ७१,०७० | | | | | | | |
| 5 | Dry Clean Worker (Female) | 0 | 2 | 1100 | ४५,९८५ | | | | | | | |
| 6 | Foreman | 7 | 0 | 2500 | १०५,५१५ | | | | | | | |
| 7 | Ground Host for Reservation | 7 | 9 | 1000 | ४१,८०५ | | | | | | | |
| 8 | LABOURER (MALE) | 1 | 0 | 1000 | ४१,८०५ | | | | | | | |
| 9 | Labourer/Cleaner | 4 | 0 | 1000 | ४१,८०५ | | | | | | | |
| 10 | Material Handler | 3 | 0 | 1300 | ५४,३५० | | | | | | | |
| 11 | Receptionist | 0 | 1 | 1500 | ६२,७१० | | | | | | | |
| 12 | Representative officer | 1 | 0 | 2500 | १०५,५१५ | | | | | | | |
| 13 | Service Agents | 5 | 0 | 1000 | ४१,८०५ | | | | | | | |
| 14 | Supervisor | 6 | 0 | 3500 | १४६,३२५ | | | | | | | |
| 15 | WAITER (D) | 1 | 0 | 1400 | ५८,५३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २ गते (18th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. १३२८/०७४/७५

EXCELLENT MANPOWER SERVICES PVT.LTD.
Purano Baneshwor, Kathmandu, Nepal, Tel : +977 01 4536529, 4585517
E-mail :- excellentmanpower1328@gmail.com, Website:- www.excellentmanpowerservices.com.np



इण्डोनेसियाको बालीस्थित करंगासेममा सोमबार उसाबा श्री भनिने बाली हिन्दू अनुष्ठानको क्रममा परम्परागत पोसाकमा सजिएर टाउकोमा भेटी बोकेका महिलाहरू । यो समारोह प्रशस्त फसलका लागि भगवान्प्रति कृतज्ञता व्यक्त गर्न आयोजना गरिन्छ । *तस्बिरः एपी*

# गर्मी र आगोबीच पाकिस्तानी इँटा मजदुर



**शेखुपुरा (पाकिस्तान)–** पाकिस्तानमा बढ्दो तापक्रमले इँटा भट्टीमा काम गर्ने मजदुरको कठिन जीवन झनै जोखिमपूर्ण बनाएको छ । चर्को घाममुनि ४० डिग्री सेल्सियसभन्दा बढी तापक्रम सहँदै काम गर्ने मजदुरले खुट्टामुनिबाट निस्कने भट्टीको तातो र माथिबाट पर्ने सूर्यको ताप दुवै खेप्नुपरेको छ ।

पाकिस्तानको शेखुपुरा जिल्लास्थित एक इँटा भट्टीमा मजदुरहरू खुट्टामुनिका साना प्वालबाट कोइला तलको आगोको कोठामा हालिरहेका छन् । उनीहरूको टाउकोमाथि भने भट्टीबाट निस्किएको बाक्लो कालो धुवाँ फैलिएको छ ।

परम्परागत इँटा भट्टीमा तापक्रम एक हजार डिग्री सेल्सियसभन्दा माथि पुग्छ । इँटा राम्रोसँग पाकेको सुनिश्चित गर्न मजदुरले भट्टीको तापक्रम निरन्तर निगरानी गर्नुपर्छ । पाकिस्तानमा पहिले नै अत्यधिक गर्मी हुने भए पनि जलवायु परिवर्तनका कारण तापक्रम अझ बढ्दै गएपछि यस्तो काम झनै कठिन बनेको छ ।

३५ वर्षीय मजदुर आबिद हुसेनको कपडा भट्टीबाट निस्किएको कालो धुवाँ र धूलोले ढाकिएको थियो । उनले आफू तल र माथिबाट आउने आगोको तापबीच फसेजस्तो महसुस हुने बताए । 'गर्मी निःसन्देह चरम छ तर घरको आर्थिक दबाब सम्झँदा काम गरिरहनुबाहेक विकल्प हुँदैन,' उनले भने ।

हुसेनजस्तै सयौं हजार मजदुर पाकिस्तानको इँटा उद्योगमा कार्यरत छन् । श्रम अधिकारकर्मीहरूका अनुसार यो क्षेत्र कमजोर नियमन, न्यून ज्याला र जोखिमपूर्ण कार्य अवस्थाका कारण समस्याग्रस्त छ । पाकिस्तानमा तीव्र गतिमा भइरहेको निर्माण गतिविधिले इँटाको माग बढाए पनि मजदुरको आम्दानी भने अत्यन्त न्यून छ । उनीहरूले दैनिक करिब तीन अमेरिकी डलरमात्र कमाउने गरेका छन् ।

चर्को घाम, धूलो र तातो हावाबीच मजदुरहरू घन्टौंसम्म भट्टीको सतहमा काम गर्छन् । बण्डेड लेबर लिबरेसन फ्रन्ट पाकिस्तानकी महासचिव सैदा गुलाम फातिमाले इँटा भट्टीलाई मजदुरका लागि 'कैदको ठाउँ' जस्तै भएको बताए । 'कामदारले माथिको घामको अथक ताप सहनुपर्छ भने भट्टीबाट निस्कने तीव्र गर्मी तलबाट शरीरतर्फ आउँछ,' उनले भने ।

फातिमाका अनुसार मजदुरहरू ऋण, चरम गर्मी र बिग्रँदो स्वास्थ्यको चक्रमा फसेका छन् । बढ्दो विश्वव्यापी तापक्रमले उनीहरूको जोखिम थप बढाएको उनको भनाइ छ । शेखुपुरा पाकिस्तानको ठूलो इँटा भट्टी उद्योगको प्रमुख केन्द्र हो । सन् २०१८ को जलवायु तथा स्वच्छ वायु गठबन्धनको तथ्यांकअनुसार पाकिस्तानभर १८ हजारभन्दा बढी इँटा भट्टी सञ्चालनमा छन् र तिनमा १० लाखभन्दा बढी मानिस कार्यरत छन् ।

जलवायु विज्ञहरूका अनुसार पाकिस्तान विश्वमा जलवायु परिवर्तनको प्रभावबाट सबैभन्दा बढी जोखिममा रहेका मुलुकमध्ये एक हो । फातिमाले धेरै मजदुरले अग्रिम रकम लिने भएकाले ऋणको बोझमा पर्ने र त्यसपछि जोखिमपूर्ण अवस्थामा पनि काम छाड्न नसक्ने बताए । हुसेनले आफूले मासिक करिब २५ हजार पाकिस्तानी रूपैयाँ अर्थात् ९० अमेरिकी डलर कमाउने बताए । उक्त रकमले घरभाडा र बालबालिकाका आधारभूत आवश्यकता पूरा गर्न मात्र पुग्ने उनको भनाइ छ ।

'हामी बिरामी भए पनि वा पारिवारिक समस्या भए पनि काम गर्नैपर्छ,' उनले भने, 'समय निकालेर काम नगरे परिवार समस्यामा पर्छ ।'

### विश्रामसमेत कठिन

इँटा भट्टीबाट हुने वायु प्रदूषण र स्वास्थ्य जोखिम घटाउन पञ्जाब प्रान्तीय सरकारले परम्परागत भट्टीलाई 'जिगज्याग' प्रविधिमा रूपान्तरण गर्न दबाब दिइरहेको छ । यसले उद्योगलाई थप आधुनिक र कम प्रदूषणयुक्त बनाउन सक्ने अपेक्षा गरिएको छ ।

स्वास्थ्य विज्ञहरूका अनुसार विशेषगरी परम्परागत भट्टीमा लामो समयसम्म अत्यधिक गर्मीमा काम गर्दा छालासम्बन्धी समस्या, श्वासप्रश्वासमा कठिनाइ र मिर्गौलासम्बन्धी रोगको जोखिम बढ्न सक्छ । तर भट्टीको तापक्रम स्थिर राख्नुपर्ने भएकाले लामो विश्राम दिन कठिन रहेको ४५ वर्षीय सुपरभाइजर मुजीब उल्लाले बताए । 'चरम गर्मी होस्, चिसो होस् वा वर्षा, काम निरन्तर गर्नुपर्छ,' उनले भने । मजदुरलाई पिउने पानी र कहिलेकाहीँ छोटो विश्राम उपलब्ध गराउने गरिएको उनको भनाइ छ ।

भट्टीको अर्को भागमा २८ वर्षीय मुहम्मद आजिम भिजेको माटो मिसाएर काठको साँचेमा हातैले इँटा बनाइरहेका थिए । पाकिसकेका इँटाका पंक्तिबीच उनको काम पनि उत्तिकै थकाइलाग्दो थियो । आफ्नो कामको कठिनाइबारे आजिमले भने, 'मौसम राम्रो होस् वा नराम्रो, काम त काम नै हो । गर्नैपर्छ ।' *रासस/एएफपी*

# रियादमा आगलागी हुँदा १६ बंगलादेशीको मृत्यु

**ढाका–** साउदी अरेबियाको राजधानी रियादस्थित एक सोफा कारखानामा भएको भीषण आगलागीमा १६ जना बंगलादेशी नागरिकको मृत्यु भएको छ । बंगलादेशको विदेश मन्त्रालयले घटनाप्रति दुःख व्यक्त गर्दै मृतकका परिवारलाई आवश्यक सहयोग उपलब्ध गराउन साउदी अधिकारीसँग समन्वय भइरहेको जनाएको छ ।

रियादको मुसा सनैया क्षेत्रमा रहेको सोफा कारखानामा आइतबार आगलागी भएको थियो । घटनामा ज्यान गुमाउने सबै बंगलादेशी नागरिक रहेको बंगलादेशको विदेश मन्त्रालयले सोमबार पुष्टि गरेको हो ।

मन्त्रालयले विज्ञप्ति जारी गर्दै मृतकप्रति गहिरो दुःख तथा परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरेको छ । कठिन परिस्थितिमा मृतकका परिवारसँग सरकार साथमा रहेको र आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धता पनि मन्त्रालयले जनाएको छ ।

घटनाको जानकारी पाएलगत्तै रियादस्थित बंगलादेशी दूतावासका अधिकारी घटनास्थल पुगेका थिए । दूतावासले साउदी अधिकारीसँग समन्वय गरी आगलागीमा ज्यान गुमाउनेहरूको पहिचान पुष्टि गर्ने तथा शव हस्तान्तरणसम्बन्धी आवश्यक कानुनी प्रक्रिया अघि बढाइरहेको जनाएको छ ।

रियादस्थित बंगलादेशी दूतावासले घटनाबारे थप विवरण संकलन गर्न तथा प्रभावित व्यक्तिलाई आवश्यक सहयोग उपलब्ध गराउन टोली परिचालन गरेको छ । दूतावासका अनुसार मृतकको पहिचान पुष्टि, कानुनी औपचारिकता पूरा गर्ने तथा पीडितका परिवारलाई आवश्यक सहजीकरण गर्ने काम प्राथमिकताका साथ भइरहेको छ ।

दूतावासले सामाजिक सञ्जालमार्फत जारी गरेको विज्ञप्तिमा रियादको मुसा सनैया क्षेत्रमा भएको आगलागीमा प्रवासी बंगलादेशी नागरिकको मृत्यु भएकोमा दुःख व्यक्त गरेको छ । घटनाको खबर पाएपछि दूतावासको प्रतिनिधिमण्डल तत्काल घटनास्थल पुगेको र घटनाको विस्तृत विवरण संकलन सुरु गरेको दूतावासले जनाएको छ ।

बंगलादेशको विदेश मन्त्रालयले घटनाको अवस्थालाई नजिकबाट निगरानी गरिरहेको जनाएको छ । मन्त्रालयका अनुसार मृतकको पहिचान तथा अन्य कानुनी प्रक्रिया पूरा गर्न सम्बन्धित साउदी अधिकारीसँग निरन्तर समन्वय भइरहेको छ ।

साउदी अरेबियामा ठूलो संख्यामा बंगलादेशी नागरिक रोजगारीका लागि कार्यरत छन् । रियादमा भएको पछिल्लो घटनाले प्रवासी श्रमिकको कार्यस्थल सुरक्षा तथा आपत्कालीन अवस्थामा उनीहरूको संरक्षणको विषयलाई पुनः चर्चामा ल्याएको छ । *रासस/एएनआई*

# पश्चिमी युरोपमा रेकर्ड गर्मी



**पेरिस–** जलवायु परिवर्तनका कारण बढ्दो गर्मी, खडेरी र डढेलोबीच पश्चिमी युरोपले यस वर्ष जुन र जुलाईमा अहिलेसम्मकै सबैभन्दा तातो दुई महिना अनुभव गरेको छ । युरोपेली संघ (इयू) को विश्वव्यापी तापक्रम अनुगमन प्रणाली कोपर्निकस क्लाइमेट चेन्ज सर्भिसले सोमबार सार्वजनिक गरेको तथ्यांकले यस क्षेत्रमा तापक्रमको नयाँ कीर्तिमान देखाएको हो ।

कोपर्निकसका अनुसार जुन-जुलाईमा पश्चिमी युरोपको संयुक्त औसत तापक्रम २१.६२ डिग्री सेल्सियस पुगेको थियो । यो सन् २०२२ को सोही अवधिमा कायम भएको अघिल्लो रेकर्डभन्दा बढी हो । यस वर्षको गर्मीमा लगातार उच्च तापक्रम र लामो समयसम्म कायम रहेको गर्मीको अवस्थाले असामान्य तातोको संकेत गरेको कोपर्निकसले जनाएको छ ।

युरोप विश्वमै सबैभन्दा तीव्र गतिमा तापक्रम बढिरहेको महाद्वीप हो । यस वर्षको गर्मीको सुरुआती दुई महिनामा लगातार तातो हावा, उच्च तापक्रम, अत्यधिक सुक्खापन र खडेरी देखिएको छ । जुलाईमा पश्चिमी तथा मध्य युरोपका फ्रान्स, स्पेन, अस्ट्रिया र हंगेरीसहित बेलायत, आयरल्याण्ड तथा आइसल्याण्डका केही क्षेत्रमासमेत असामान्य रूपमा सुक्खा अवस्था देखिएको थियो ।

सन् २०२२ को गम्भीर खडेरीसँग तुलना गर्दा यस वर्ष जुलाईमा माटोको आर्द्रता अझ कम पाइएको कोपर्निकसले जनाएको छ । युरोपियन सेन्टर फर मिडियम-रेञ्ज वेदर फोरकास्टकी सामन्था बर्गेसले गर्मी र खडेरीले एकअर्कालाई थप तीव्र बनाइरहेको बताए । उनका अनुसार जलवायु परिवर्तनले चरम गर्मीलाई कसरी बढाइरहेको छ भन्ने पछिल्लो अवस्था त्यसको स्पष्ट उदाहरण हो ।

लामो समयको गर्मी र सुक्खापनका कारण युरोपका प्रमुख नदीमा समेत पानीको बहाव घटेको छ । सेन, राइन र डेन्युब नदीमा असामान्य रूपमा कम बहाव देखिएको छ । यसको असर जल यातायात, सिँचाइ तथा ऊर्जा उत्पादनमा परेको छ ।

तातो र सुक्खा मौसमले डढेलोको जोखिम पनि बढाएको छ । वैज्ञानिकहरूका अनुसार जलवायु परिवर्तनसँगै युरोपमा अत्यधिक डढेलो लाग्न अनुकूल मौसमको आवृत्ति बढिरहेको छ । फ्रान्स र स्पेनले यस गर्मीमा पछिल्ला दशककै गम्भीर डढेलोसँग जुधेका छन् । युरोपका अन्य मुलुकसँगै अमेरिकाको उत्तरपश्चिमी क्षेत्र र क्यानाडामासमेत गम्भीर आगलागीका घटना भएका छन् ।

### समुद्रको तापक्रम पनि उच्च

कोपर्निकसका अनुसार जुलाईमा विश्वका महासागरको औसत सतह तापक्रम लगातार दोस्रो महिनासमेत रेकर्ड उच्च रह्यो । जुलाईमा विश्वव्यापी औसत समुद्री सतहको तापक्रम २०.९६ डिग्री सेल्सियस पुगेको थियो । जुन सन् २०२३ मा कायम भएको अघिल्लो रेकर्डभन्दा बढी हो ।

कोपर्निकसका निर्देशक कार्लो बुओन्टेम्पोले भूमध्यसागर र एटलान्टिक महासागरका केही भाग असामान्य रूपमा तातेको बताए । उनका अनुसार प्रशान्त महासागरमा विकसित भइरहेको शक्तिशाली 'एल निनो' विश्वव्यापी समुद्री तापक्रम बढ्नुको प्रमुख कारणमध्ये एक हुन सक्छ ।

जलवायु वैज्ञानिक बुओन्टेम्पोले अगस्ट ५ मा पत्रकारहरूसँग कुरा गर्दै अहिलेको एल निनो निकै शक्तिशाली रहेको र यसको आकारका दृष्टिले असाधारण हुन सक्ने बताएका थिए । उष्णकटिबन्धीय प्रशान्त महासागरबाट आउने तापक्रमको प्रभाव विश्वव्यापी मौसम प्रणालीमा महत्त्वपूर्ण हुने उनको भनाइ थियो ।

एल निनो प्राकृतिक जलवायु चक्रको न्यानो चरण हो । यस क्रममा उष्णकटिबन्धीय प्रशान्त महासागरको सतहको तापक्रम अस्थायी रूपमा बढ्छ र त्यसले विश्वका विभिन्न क्षेत्रमा खडेरी, बाढी तथा अन्य चरम मौसमलाई प्रभावित गर्न सक्छ । जीवाश्म इन्धनको प्रयोगबाट पहिले नै तातिरहेको पृथ्वीमा एल निनोले थप ताप थप्ने गर्छ ।

एल निनो सामान्यतः वर्षको अन्त्यतिर बलियो हुने र समुद्रमा सञ्चित तापक्रम वायुमण्डलमा प्रवेश गराउँदा विश्वव्यापी तापक्रम अझ बढ्ने गर्छ । पछिल्लो एल निनोले सन् २०२३ र २०२४ लाई क्रमशः दोस्रो र सबैभन्दा तातो वर्ष बनाउन योगदान गरेको थियो । वैज्ञानिकहरूले यस वर्षको अन्त्य वा सन् २०२७ को सुरुआतमा विश्वव्यापी औसत तापक्रमले नयाँ कीर्तिमान कायम गर्न सक्ने अनुमान गरेका छन् ।

### तापक्रम वृद्धिको मुख्य कारण हरितगृह ग्यास

विश्वव्यापी रूपमा गत जुलाई औसत सतह तापक्रम १.४७ डिग्री सेल्सियससहित संयुक्त रूपमा दोस्रो सबैभन्दा तातो जुलाई बनेको कोपर्निकसले जनाएको छ । यो तापक्रम सन् १८५०-१९०० को पूर्वऔद्योगिक औसतभन्दा १.४७ डिग्री सेल्सियस बढी हो ।

पछिल्ला ११ वर्ष रेकर्डमा सबैभन्दा तातो वर्षका रूपमा रहेका छन् । कोपर्निकसका निर्देशक बुओन्टेम्पोले मानव जीवनकालमा र सम्भवतः आधुनिक सभ्यताको इतिहासमै यस स्तरको न्यानो अवस्था नदेखिएको बताए । उनका अनुसार तापक्रम वृद्धिको मुख्य कारण हरितगृह ग्यासको बढ्दो मात्रा हो ।

मानव गतिविधिबाट उत्सर्जित कार्बनका कारण उत्पन्न अतिरिक्त तापको ठूलो हिस्सा महासागरले सोस्ने भएकाले पृथ्वीको जलवायु प्रणालीलाई सन्तुलित राख्न महासागरको महत्त्वपूर्ण भूमिका रहन्छ । तर समुद्रको तापक्रम अत्यधिक बढ्दा त्यसले ग्रहमा गम्भीर प्रभाव पार्न सक्छ । तातो समुद्रले शक्तिशाली आँधी र भारी वर्षालाई बढावा दिनुका साथै समुद्री पारिस्थितिक प्रणाली तथा कोरल रीफमा 'ब्लिचिङ'को समस्या निम्त्याउन सक्छ ।

कोपर्निकसले भूमि र समुद्रमा रहेका अरबौं उपग्रह तथा मौसमसम्बन्धी मापनबाट तथ्यांक संकलन गरी जलवायु अवस्थाको विश्लेषण गर्दै आएको छ । यसको तथ्यांक सन् १९४० सम्मको अवधिसम्म फैलिएको छ । *रासस/एएफपी*

# सुकी रिहाइको आसियान आह्वान म्यान्माद्वारा अस्वीकार



**बैंकक–** म्यान्माको सेना समर्थित सरकारले हिरासतमा रहेकी पूर्वनेता आङ सान सुकीको पूर्ण तथा विनासर्त रिहाइका लागि दक्षिणपूर्वी एसियाली राष्ट्र संघ (आसियान) ले गरेको आह्वान अस्वीकार गर्दै म्यान्माका लागि विशेष दूतको भूमिकामाथिसमेत प्रश्न उठाएको छ ।

म्यान्माका पूर्वसेना प्रमुख तथा वर्तमान राष्ट्रपति मिन आङ ह्लाइङले सन् २०२१ मा सुकी नेतृत्वको निर्वाचित नागरिक सरकारबाट सत्ता कब्जा गरेपछि राजनीतिक वैधता हासिल गर्न तथा आसियानसँग सम्बन्ध सुधार्न प्रयास गर्दै आएका छन् । तर, उनको सरकारले आसियानको शान्ति पहल कार्यान्वयनमा अपेक्षित प्रगति नगरेका कारण उनीमाथि क्षेत्रीय समूहका उच्चस्तरीय बैठकमा सहभागी हुन प्रतिबन्ध लगाइएको छ ।

आसियानले सन् २०२१ को अप्रिलमा म्यान्मामा हिंसा अन्त्य गर्दै द्वन्द्वरत पक्षबीच संवाद अघि बढाउने पाँचबुँदे सहमति गरेको थियो । त्यसलाई कार्यान्वयन गराउन आसियानका विशेष दूतलाई संवाद र मध्यस्थताको जिम्मेवारी दिइएको थियो ।

सुकीको अवस्थाबारे अन्तर्राष्ट्रिय चासो बढिरहेका बेला म्यान्मा सरकारले गत साता अन्तर्राष्ट्रिय रेडक्रस समितिका प्रतिनिधिलाई उनीसँग भेट गर्न अनुमति दिएको थियो । सन् २०२१ मा नजरबन्दमा राखिएयता सुकीले बाह्य अन्तर्राष्ट्रिय स्वतन्त्र मानवीय संस्थाका प्रतिनिधिसँग भेट गरेको यो पहिलो ज्ञात घटना हो ।

८१ वर्षीया सुकीले राजधानी नेपिटोमा अज्ञात स्थानमा नजरबन्दको सजाय भोगिरहेकी छन् । उनका समर्थक तथा मानवअधिकार समूहहरूले उनमाथि लगाइएका मुद्दा राजनीतिक उद्देश्यबाट प्रेरित भएको आरोप लगाउँदै आएका छन् ।

आसियानको वर्तमान अध्यक्ष फिलिपिन्सले शुक्रबार भएको भेटलाई संवाद र मेलमिलापतर्फको सकारात्मक कदमका रूपमा स्वागत गरेको थियो । फिलिपिन्सले म्यान्मामा रहेका राजनीतिक बन्दीलाई थप मानवीय पहुँच उपलब्ध गराउन आग्रह गर्दै सुकीको 'पूर्ण र विनासर्त रिहाइ' को माग दोहोर्‍याएको थियो ।

तर, म्यान्माको विदेश मन्त्रालयले शनिबार अबेर जारी गरेको वक्तव्यमा आसियानको उक्त मागप्रति असहमति जनाएको छ । सरकारले मानवीय आधारमा सुकीको सजाय घटाएको दाबी गर्दै उनको पूर्ण तथा विनासर्त रिहाइ कानुनअनुसार मात्र सम्भव हुने जनाएको छ ।

मन्त्रालयले आसियानका वर्तमान विशेष दूत तथा फिलिपिन्सका विदेशमन्त्री मारिया थेरेसा लाजारोसँग सहकार्य जारी राख्ने जनाएको छ । तर, आगामी जनवरी १ देखि सिंगापुरले आसियानको अध्यक्षता सम्हालेपछि विशेष दूतको सोही प्रक्रियालाई निरन्तरता दिन आवश्यक नरहेको म्यान्मा सरकारको भनाइ छ ।

म्यान्मा सरकारले देशमा जनताको वास्तविक इच्छालाई प्रतिविम्बित गर्ने बहुदलीय निर्वाचनबाट नयाँ सरकार गठन भएको दाबी गरेको छ । राष्ट्रपति बनेपछि तीन महिनाभन्दा बढी समयपछि सार्वजनिक भाषण गर्दै मिन आङ ह्लाइङले पनि आसियानको शान्ति योजनाप्रति असन्तुष्टि जनाएका थिए । उनले केही आसियान सदस्य राष्ट्रले म्यान्माप्रति भेदभाव गरेको आरोप लगाउँदै आफ्नो सरकारले परिस्थितिअनुसार छुट्टाछुट्टै प्रतिक्रिया दिने बताएका थिए ।

म्यान्मामा डिसेम्बर र जनवरीमा सम्पन्न निर्वाचनलाई भने आलोचकहरूले नागरिक शासन पुनःस्थापना गर्ने प्रयासभन्दा सेनाको राजनीतिक तथा सत्तागत पकडलाई थप बलियो बनाउने उद्देश्यले गरिएको प्रक्रियाका रूपमा चित्रण गरेका छन् । उनीहरूले निर्वाचन स्वतन्त्र र निष्पक्ष नभएको तथा सेनाको प्रभावबाट मुलुकलाई बाहिर निकाल्न नसक्ने दाबी गर्दै आएका छन् । *रासस/एपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ३०१५०० | प्रति तोला – ० | प्रति तोला – ४६७० |

## 'उद्यमीको लगानी सुरक्षित गर्नु सरकारको प्रमुख दायित्व'



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले वैध रूपमा गरिएको लगानी, सिर्जना गरिएको सम्पत्ति र आर्जन गरिएको नाफाको सुरक्षा गर्नु सरकारको प्रमुख दायित्व भएको बताएका छन् ।

अर्थ मन्त्रालयमा २० ठूला करदाता बहुराष्ट्रिय कम्पनीका प्रतिनिधिसँगको छलफलका क्रममा सोमबार डा. वाग्लेले नेपालमा अझ ठूलो लगानी, उद्योग विस्तार, नयाँ उत्पादनमा प्रवेश र नयाँ प्रविधि भित्र्याउन आग्रह गर्दै सरकार उनीहरूको साथमा रहेको स्पष्ट पारे ।

'उद्यमीले आफ्नो सम्पत्ति सुरक्षित छ, नियम स्थिर छन्, कर प्रणाली पूर्वानुमानयोग्य छ र राज्य आफ्नो साझेदारका रूपमा उभिएको छ भन्ने विश्वास गर्न सक्नुपर्छ', उनले भने, 'त्यो विश्वास निर्माण नगरी ठूलो लगानी आउँदैन र उद्योग विस्तार हुँदैन । त्यो विश्वास निर्माण भयो भने मात्रै आर्थिक रूपान्तरण सम्भव हुन्छ ।'

यो बैठक औपचारिक भेटघाट मात्रै नभइ यो सरकार र राष्ट्र निर्माणमा अग्रणी भूमिका खेलिरहेका निजी क्षेत्रबीच नयाँ र गहिरो विश्वास, सहकार्य र प्रतिबद्धता भएको उनको भनाइ थियो ।

उद्यमीले उठाएका विषय कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयसँग समयबद्ध समन्वय हुने उल्लेख गर्दै उनले अर्थ मन्त्रालयले यसका लागि 'रेस्पोन्स डेस्क' स्थापना गरी निरन्तर अनुगमन गर्नेसमेत बताए । साथै यसप्रकारको संवाद समस्या समाधान नभएसम्म निरन्तर चल्नेसमेत उनको भनाइ थियो ।

'हामी यस्तो वातावरण निर्माण गर्न चाहन्छौँ जहाँ उद्योगी सफल हुँदा समाज गर्व गरोस्, लगानीकर्ता सुरक्षित महसुस गरोस्, करदाता सम्मानित होस् र युवा उद्यम गर्न प्रेरित होस् । यही विश्वासबाट हामी नेपाललाई लगानीमैत्री, व्यवसायमैत्री र उत्पादनमुखी अर्थतन्त्र बनाउने अभियानमा अघि बढेका छौँ', उनले भने ।

अर्थमन्त्री डा. वाग्लेले सरकार र निजी क्षेत्रबीचको यो साझेदारीलाई अझ सुदृढ आवश्यक भएको उल्लेख गर्दै आगामी दशक नेपालमा ठूलो लगानी, ठूलो उत्पादन, ठूलो रोजगारी र ठूलो आत्मविश्वासको दशक बन्नेमा विश्वास व्यक्त गरे ।

त्यस अवसरमा सूर्य नेपाल प्रालि, एनसेल आजियाटा लिमिटेड, आरती स्ट्राईप्स प्रालि, गोर्खा ब्रुअरी प्रालि, हिमालय एअरलाइन्स् प्रालि, होङ्शी शिवम् सिमेन्ट प्रालि, डुसान इनरबिलिटी कम्पनी लिमिटेड, डाबर नेपाल (प्रा) लि, वोटलर्स नेपाल (तराई) लिमिटेड, यूनिलिभर नेपाल लिमिटेड, एशियन पेन्टस (नेपाल) प्रालि, पावर कन्स्ट्रक्सन कोर्पोरेसन अफ चाइना, लि, गोर्खा लाहारी प्रालि, ह्वासिन सिमेन्ट नारायणी प्रालि, न्यू होप एग्रो बिजनेश नेपाल प्रालि, नेपाल वेलहोप एग्रि-टेक प्रालि, वरुण विभरेज नेपाल प्रालि, टर्किस एयरलाइन्स ईन्कर्पोरेशन प्रालि, भोटेकोशी पावर कम्पनी प्रालि र बर्जर जेन्सन एण्ड निकोल्सन (नेपाल) प्रालिका प्रतिनिधिको सहभागिता थियो ।

## विराटनगर जुट मिल पुनः सञ्चालन गर्न कार्यदल

■ प्रभाव संवाददाता




**काठमाडौं–** सरकारले विराटनगर जुट मिल पुनः सञ्चालनका लागि अध्ययन गर्न एक कार्यदल गठन गरेको छ । उद्योगको विद्यमान आर्थिक, प्राविधिक तथा कानुनी अवस्था अध्ययन गरी पुनः सञ्चालनका लागि उपयुक्त विकल्प सिफारिस गर्न विज्ञसहितको कार्यदल गठन गर्ने निर्णय गरिएको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बसेको बैठकले विराटनगर जुट मिलको वर्तमान अवस्था, यसअघि भएका निर्णय तथा विभिन्न निकायबाट तयार गरिएका अध्ययन प्रतिवेदनको समीक्षा गर्दै मिल पुनः सञ्चालनका लागि आवश्यक रणनीति तय गर्ने उद्देश्यले कार्यदल गठन गर्ने निर्णय गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव वीरेन्द्रकुमार यादवले जानकारी दिए ।

बैठकमा सचिव यादवका साथै अर्थ सचिव र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवसहित सम्बन्धित मन्त्रालयका अधिकारी तथा सरोकार भएका निकायका प्रतिनिधिहरू सहभागी थिए । उक्त अवसरमा जुट मिलको व्यवस्थापन, सञ्चालनको सम्भावना, विद्यमान समस्या तथा पुनः सञ्चालनका लागि अपनाउन सकिने विभिन्न विकल्पबारे छलफल भएको थियो ।

सचिव यादवका अनुसार कार्यदलले पुनः सञ्चालनका लागि आवश्यक आर्थिक, प्राविधिक, कानुनी तथा अन्य सम्बन्धित पक्षको वस्तुगत अध्ययन गर्नेछ । कार्यदलको अध्ययन तथा सिफारिसका आधारमा आवश्यक निर्णय लिइनेछ । कार्यदलले एक महिनाभित्र अध्ययन गरी प्रतिवेदन दिने जनाइएको छ ।

### सहसचिवको संयोजकत्वमा कार्यदल

प्रधानमन्त्री कार्यालयका अनुसार कार्यदलको संयोजकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका संस्थान हेर्ने सहसचिव रहनेछन् । साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव, अर्थ मन्त्रालयका उपसचिव र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव सदस्य रहनेछन् ।

त्यस्तै, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट दुई जना विज्ञ सदस्य मनोनित गरिनेछ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखाका उपसचिव सदस्य-सचिव रहनेछन् ।

कार्यदलले आफ्नो प्रतिवेदन एक महिनाभित्र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पेस गर्नेछ । मिल पुनः सञ्चालनका सम्बन्धमा यसअघि लिइएका निर्णय तथा विभिन्न निकायबाट गठन भएका कार्यदलले पेस गरेका प्रतिवेदन, सुझाव र सिफारिसहरूको पनि कार्यदलले अध्ययन गर्नेछ ।

## नेप्से परिसूचकसँगै घट्यो कारोबार

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन सोमबार नेप्से एकल अंकले घटेको छ । दिनभर उतारचढाव रहेको नेप्से अन्ततः ९.०४ अंकले घटेर बन्द भएको हो ।

अघिल्लो कारोबार दिनको तुलनामा सोमबार ०.३४ प्रतिशतले घट्दै नेप्से २६४१.०५ विन्दुमा रोकिएको छ । अघिल्लो कारोबार दिनको तुलनामा कारोबार रकम पनि घटेको छ ।

नेप्सेमा ३५२ कम्पनीको ५३ हजार ५२४ पटकको कारोबारमा एक करोड नौ लाख ६६ हजार ७४५ कित्ता सेयर किनबेच भए । जसअनुसार सोमबार तीन अर्ब ६७ करोड ४४ लाख १९ हजार ७६६ रूपैयाँको कारोबार भयो । नेप्सेमा ८२ कम्पनीका सेयरमूल्य बढे । १८० कम्पनीका सेयरमूल्य ओरालो लाग्दा १४ कम्पनीका सेयरमूल्य स्थिर रहे । नेप्सेमा १३ समूहको कारोबार भएकामा चार समूहका सेयरमूल्य बढे भने बाँकी नौ समूहका सेयरमूल्य घटे ।

जसअनुसार नेप्सेमा सोमबार वाणिज्य बैंक ०.७२, विकास बैंक ०.१२, फाइनान्स ०.४१ र होटेल तथा पर्यटन समूहको सूचक ०.७० प्रतिशतले घट्यो । जलविद्युत् समूहको सूचक ०.०६ प्रतिशतले बढ्यो भने लगानी ०.६० र जीवन बिमा समूहको सूचक ०.६२ प्रतिशतले घट्यो ।

यसैगरी उत्पादन तथा प्रशोधन ०.०४ र लघुवित्त समूहको सूचक ०.१९ प्रतिशतले बढ्यो । म्युचुअल फन्ड समूहको सूचक ०.४८ प्रतिशतले घट्दा निर्जीवन बिमा समूहको सूचक भने ०.०४ प्रतिशतले बढ्यो । यसैगरी अन्य ०.४४ र व्यापार समूहको उपसूचक ०.८६ प्रतिशतले घट्यो । नेप्सेमा कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडका लगानीकर्ताले ८.४७ प्रतिशतले आम्दानी गरे ।

## लक्ष्यभन्दा तीन करोड बढी राजस्व असुली

**जनकपुरधाम (प्रस)–** जनकपुरधाम उपमहानगरपालिकाले आर्थिक वर्षमा लक्ष्यभन्दा रु तीन करोड बढी राजस्व असुली गरेको छ ।

उपमहानगरपालिकाले बक्यौता असुलीमा कडाइ गरेपछि गत आर्थिक वर्षमा रु १७ करोड १५ लाख राजस्व संकलन गर्ने लक्ष्य राखिएकामा रु २० करोड ३७ लाख एक हजार ५५९ राजस्व असुली गरेको हो ।

आव २०८१/८२ को तुलनामा रु तीन करोड ७२ लाख २१ हजार ६२६ ले बढी हो । आव २०८१/८२ मा रु १६ करोड २० लाख राजस्व संकलन गर्ने लक्ष्य रहेकामा रु १६ करोड ६४ लाख ७८ हजार ९३३ राजस्व संकलन भएको थियो ।

आव २०८२/८३ मा बेरुजु शीर्षकमा रु पाँच लाख संकलन गर्ने लक्ष्य रहेकामा रु २१ लाख २६ हजार ४५३ संकलन भएको छ । त्यस्तै, सम्पत्ति करबाट रु पाँच करोड ६१ लाख पाँच हजार ३३१, बहाल करबाट रु पाँच करोड ७५ लाख ३९ हजार ६४४, सिफारिस दस्तुरबाट रु एक करोड ३४ लाख ९५ हजार ८९६ र नक्सापास दस्तुरबाट रु तीन करोड ३७ लाख ८१ हजार राजस्व संकलन भएको छ ।

यसैगरी, बहाल बिटौरी करबाट रु ९२ लाख ३२ हजार २००, व्यवसाय करबाट रु ५१ लाख ५० हजार ३४७ र अन्य सेवा शुल्क तथा बिक्रीबाट रु २९ लाख ६८ हजार ४७५ राजस्व संकलन भएको छ ।

## चार हजार सहकारी बचतकर्ताको रकम फिर्ता

■ प्रभाव संवाददाता

**काठमाडौं–** समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले हालसम्म करिब चार हजार बचतकर्ताको रकम फिर्ता गरेको जनाएको छ । समितिका अध्यक्ष डिल्लीराज आचार्यका अनुसार समिति गठन भइसकेपछि पूर्ण र आंशिक तथा बचत मिलानमार्फत हालसम्म उक्त संख्याका बचतकर्ताको समस्या समाधान गरिएको हो ।

उनले भने, 'हामीसँग ७६ हजार बचतकर्तालाई करिब ४६ अर्ब रूपैयाँ फिर्ता गर्नुपर्ने दायित्व छ । त्यसका लागि सम्बन्धित सहकारीको सम्पत्ति यकिन गर्ने तथा उपलब्ध स्रोतको परिचालन गर्ने काम भइरहेको छ ।'

सहकारी क्षेत्रमा समस्या किन उत्पन्न भयो र यसको दीर्घकालीन समाधान कसरी गर्न सकिन्छ भन्ने विषयमा समितिले आन्तरिक विश्लेषणसमेत गरेको उनको भनाइ छ । उनले बचत फिर्ताको विषयमा सर्वोच्च अदालतको निर्णय तथा सहकारीसम्बन्धी कानुनी व्यवस्था र बचत फिर्तासम्बन्धी कार्यविधिलाई आधार बनाइएको बताए । साना बचतकर्तालाई प्राथमिकता दिने नीतिअनुसार पहिलो चरणमा रु १० हजार वा सोभन्दा कम बचत भएका व्यक्तिको रकम फिर्ता गर्ने काम अघि बढाइएको उनको भनाइ छ ।

> **कार्यविधिले प्राथमिकता दिएका ज्येष्ठ नागरिक, एकल महिला, पूर्ण अपांगता भएका व्यक्ति तथा नेपाल सरकारको निर्देशिकामा उल्लेख भएका जटिल प्रकृतिका रोगबाट पीडित बचतकर्तालाई प्राथमिकता दिइनेछ ।**

कार्यविधिले प्राथमिकता दिएका ज्येष्ठ नागरिक, एकल महिला, पूर्ण अपांगता भएका व्यक्ति तथा नेपाल सरकारको निर्देशिकामा उल्लेख भएका जटिल प्रकृतिका रोगबाट पीडित बचतकर्तालाई प्राथमिकता दिइनेछ । 'हालसम्म विभिन्न सहकारीबाट गरी रु ४२ करोड जम्मा भएको अवस्था छ । यसमध्ये कान्तिपुर सहकारीबाट मात्रै करिब रु १२ करोड रहेको छ । करिब रु एक करोडदेखि १२ करोडसम्म जम्मा भएका सहकारीहरूलाई समेटेर दशैँअघि रकम वितरण गर्न सकिने गरी योजना बनाइरहेका छौँ', उनले भने ।

यसका लागि अहिलेको सबैभन्दा ठूलो चुनौती कानुनी तथा नीतिगत व्यवस्था भएको उनको भनाइ छ । हालको कानुनअनुसार अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा समस्याग्रस्त सहकारीले बचतकर्तालाई रकम फिर्ता गर्न नपाउने व्यवस्था छ । अध्यक्ष आचार्यले ऋणीको सम्पत्ति लिलाम गरी रकम संकलनको प्रक्रिया अघि बढाइएको समेत उल्लेख गरे । ऋणीको सम्पत्तिमा केही सहकारीले त केही बैंक तथा वित्तीय संस्थाले पनि रोक्का गरेको अवस्था रहे पनि पहिलो चरणमा सहकारीको मात्रै रोक्का रहेको सम्पत्ति लिलाम गर्ने प्रक्रिया अघि बढाइएको उनले जानकारी दिए । 'एउटा सम्पत्तिको लिलामीसम्बन्धी सूचना प्रकाशित भइसकेको छ भने करिब ३५० लालपुर्जा संकलन गरिएको छ । ती सम्पत्तिलाई क्रमशः लिलामीमा लैजाने तयारी भइरहेको छ', उनले भने ।

यी विभिन्न स्रोतबाट रकम संकलन भएपछि कम्तीमा प्रत्येक छ महिनामा रु एक अर्बभन्दा बढी संकलन भएको अवस्थामा सम्बन्धित बचतकर्तालाई दामासाहीका आधारमा वितरण गर्ने समितिको योजना छ । तर यसका लागि हालको कानुनी र कार्यविधिगत व्यवस्थामा सुधार आवश्यक भएको समितिको भनाइ छ ।

समितिका अनुसार कान्तिपुर, गोर्खा र प्यासिफिक सहकारीका केही बचतकर्तालाई पनि विगतमा रोकिएको रकम क्रमशः वितरण भइरहेको छ । कान्तिपुरका बचतकर्तालाई रु २५ हजार, गोर्खा बचतका बचतकर्तालाई रु १७ हजार तथा प्यासिफिकका बचतकर्तालाई रु १२ हजार ६०० का दरले रकम वितरण भइरहेको हो ।

## हिमाली क्षेत्रमा नवीकणीय ऊर्जाको विस्तारमा जोड

**काठमाडौं (प्रस)–** देशका उच्च हिमाली क्षेत्रमा जलवायुमा आएको परिवर्तन, आधुनिक जीवनशैली, पर्यटकीय गतिविधिलगायत घरभित्र र बाहिरको वातावरणमा परेको प्रभावलाई न्यूनीकरण गर्न नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धन गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् ।

एकीकृत पर्वतीय विकासका लागि अन्तरराष्ट्रिय केन्द्र (इसिमोड) र प्राक्टिकल एक्सनको पहलमा कार्यान्वयनमा ल्याउन लागिएको 'स्वच्छ तापका लागि नवीकरणीय ऊर्जाको प्रवर्द्धन' परियोजनाको शुभारम्भका अवसरमा सहभागीहरूले नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धन गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका हुन् ।

उच्च हिमाली क्षेत्रमा बाह्रैमास जस्तो चिसो हुने हुँदा खाना पकाउन र घर तताउन दाउराको बढी खपत गर्नुपर्ने भन्दै यसले घरभित्र र बाहिरको वायु प्रदूषण बढाउनुका साथै हिमालमा 'ब्ल्याक कार्बन'को मात्रा बढ्ने बताइएको छ । सोही कारणले हिउँ पग्लिने समस्या बढ्दै गएको सन्दर्भमा यस समस्यालाई न्यूनीकरण गर्न विभिन्न नवीकरणीय ऊर्जा प्रविधिलाई उपयोगमा ल्याउन सकिने सहभागीले बताएका छन् ।

मुस्ताङको जोमसोम गाउँपालिकाको मार्फा गाउँका ६५ घरधुरी र विभिन्न पाँच वटा सामुदायिक संस्थामा नमूनाका रूपमा परियोजना कार्यान्वयनमा ल्याउन लागिएको सो अवसरमा जानकारी दिइयो । कार्यक्रममा इसिमोडका महानिर्देशक पेमा ग्यार्म्टसोले घरभित्रको वायु प्रदूषणले जनस्वास्थ्यमा प्रभाव पार्ने र जलवायु परिवर्तनको समस्या बढाउने भएकाले हिमाली क्षेत्रको वातावरणमा पर्ने नकारात्मक असर कम गर्न स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धनमा जोड दिनुपर्ने बताइन् ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले केन्द्रले विभिन्न कार्यक्रममार्फत हिमाली क्षेत्रमा स्वच्छ ऊर्जाको पहुँच विस्तार गर्दै आएको उल्लेख गर्दै सरकारले स्वीकृत गरेको तापीय ऊर्जा मार्गचित्रको कार्यान्वयनबाट यस क्षेत्रको वातावरणीय स्वच्छता, ऊर्जाको आवश्यकता र जनताको जीवनस्तरमा सुधार ल्याउन सकिने धारणा राखे ।

जोमसोम गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले जलवायु परिवर्तनको प्रत्यक्ष असरसँग जुध्नु परेको आफ्नो पालिकालाई लक्षित गरी परियोजना सञ्चालन हुन लागेकामा खुशी व्यक्त गरे ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ